# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

अनुशासनको शाब्दिक अर्थ आफूले आफैमाथि शासन गर्नु हो । आफूले आफैलाई सही बाटोमा डोहोऱ्याउनु नै अनुशासन हो । यस अन्तर्गत थुप्रै थुप्रै मानवीय गुणहरु, विशेषताहरु र क्रियाकलापहरु पर्दछन् । शारीरिक, मानसिक, संवेगात्मक, वैयक्तिक, सामूहिक सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, नैतिक, यौनिक जस्ता थुप्रै थुप्रै असंख्य आयामहरु अनुशासन भित्र पर्दछन् ।वृहत नेपाली शब्दकोष(२०५९) लेसामाजिक,धार्मिक, कानूनी मूल्य र मान्यता भित्र रही कर्तव्य निर्वाह गर्ने कार्य, आचार र त्यसको पालना, मान्यजनप्रतिको सत्कार तथा आस्था , सुव्यवस्था, शान्ति सुरक्षाको सूचक नै अनुशासन हो भनी परिभाषित गरेको छ । त्यस्तै अनुशासन भनेको तोकिएको नियम अनुसार प्रदर्शन गरिने व्यवहार, निर्धारित आचरण हो, (प्रयोगात्मक नेपाली शब्दकोष, २०६८) । नियम कानूनलाई पालना गराउने र नगरे सजाय गर्ने तालिमको अभ्यास र उक्त तालिमबाट प्राप्त हुने नियन्त्रित व्यवहार अथवा अवस्था नै अनुशासन हो । मस्तिष्क, शरीर र व्यवहार नियन्त्रण गर्नका लागि अपनाइने तालिम विधि नै अनुशासन हो । व्यवहार नियन्त्रण गर्ने क्षमता तथा जीवनयापन गर्ने कला नै अनुशासन हो,(अक्सफोर्ड डिक्सनरी, सातौं संस्करण) ।

समाज र स्थान सापेक्ष हुनसक्ने भएता पनि अनुशासन आफैमा सर्वव्यापक र सर्वकालीक हुन्छ । एउटा निश्चित स्थान, अवस्था, सन्दर्भ र परिवेश भित्रमात्र सिमित नरही मानव जीवन र क्रियाकलापका हर क्षेत्रमा र हरपल यो उत्तिकै प्रभावी, महत्त्वपूर्ण, अनिवार्य र अपरिहार्य हुन्छ । सरल भाषामा भन्नुपर्दा एउटा व्यक्ति र घरभित्र मात्र सिमित नरही विद्यालय, खेलमैदान, सामाजिक संगठन, सार्वजनिक स्थल,प्रहरी, प्रशासन, उद्योगधन्दा, कलकारखाना, यातायात, व्यापार, व्यवसाय, अस्पताल, मठ-मन्दिर, अड्डा, अदालत, कार्यालय लगायत हरेक क्षेत्रमा सर्वत्र अनुशासन एउटा अपरिहार्य र जवर्जस्त तत्वको रुपमा क्रियाशील रहने गर्दछ ।यसको अभावमा उपर्लिखित सम्पूर्ण संरचनाहरु भताभुङ्ग हुन पुग्दछन् ।

अत्यन्त सुस्तरुपमा प्रारम्भ भएको मानव सभ्यताको विकासक्रम क्रमशः गुणात्मक दरमा फड्को मार्दै अगाडि बढेको देखिन्छ । यो अनुशासनको जगमा नै सम्भव भएको देखिन्छ । मानव सभ्यताको जवर्जस्त आवश्यकताको रुपमा अनुशासनको जन्म र विकास भएर आएको देखिन्छ । यसकै मद्दतले आदिम कालदेखि नै हुँदै आएका हत्या,हिंसा झैं झगडा जस्ता मानवीय द्धन्दको धेरै हद्सम्म व्यवस्थापन हुँदै आएको देखिन्छ । यसरी मानव सभ्यताको विकास र विस्तार भएर वर्तमान स्वरुपसम्म आईपुग्न यदि कुनै तत्व सर्वाधिक महत्त्वपूर्ण र निर्णायक छ भने त्यो तत्व मानव स्वयं र उसको आवश्यकता र चेतना बोधले निर्माण गरेको अनुशासनको धरोहर नै हो ।

वर्तमान विश्व परिवेशमा सम्पूर्ण विश्व नै एउटा गाउँ जस्तो भएर आईरहेको छ । मान्छे मान्छेबीचको मानवीय अन्तरनिर्भरता ह्वात्तै बढेर आएको छ । यो बढ्दो अर्न्तनिर्भरताले राजनीतिक सिमानाको मसिलाई समेत मधुरो बनाउँदै लगेको देखिन्छ । परिणामतः राष्ट्र -राष्ट्र र महाद्विप- महाद्विप बीचको अन्तरनिर्भरता त स्वतः बढने नै भयो र बढेको छ । एक मानव र मानव समुदायले अर्को मानव र मानव समुदायलाई गर्नुपर्ने उच्च मानवीय सम्मान, सहयोग र सद्भावको खाँचो बढेर गएको महशुस गरी विश्वव्यापी रुपमा नै अनुशासनको  अन्तर्राष्ट्रिय मापदण्ड कायम गरी त्यसलाई सफल कार्यान्वयन गर्न सन् १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना भयो । विश्वभरि विभिन्न खाले भूगोलभित्र छरिएर रहेका मानव समुदायहरुलाई पारस्परिक माया, प्रेम, सद्भाव, सहयोग, समझदारी र सहकार्यको एउटै मालामा उन्न आफ्नो लक्ष्यमा काफी हद्सम्म यो संस्था सफल हुँदै पनि आएको देखिन्छ ।

अर्को तर्फ क्षेत्रीयस्तरमा यिनै कुराहरुलाई अझ मजबुत बनाउन सन् १९८५ मा सार्क (दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन) को स्थापना भयो । सुरुमा नेपाल, भारत लगायत आसपासका ७ वटा राष्ट्रहरु बीचको आपसी सहयोग र समझदारी, सद्भाव र मैत्रीपूर्ण भावनाको विकास गरेर लैजानकालागि गठित यस क्षेत्रिय संगठनलेआफ्नो स्थापनाकाल देखि नै उल्लेखनीय भूमिका निर्वाह गर्दै आईरहेको देखिन्छ । यसरी अनुशासनकै जगमा अनुशासनकै जगेर्ना गर्न विश्वव्यापी स्तरमा संयुक्त राष्ट्रसंघ र हाम्रालागि क्षेत्रीय स्तरमा सार्कको स्थापना भएको देखिन्छ ।

तर यति हुँदाहुँदै पनि भर्खरै प्रकाशित तथ्याङ्क अनुसार विश्वका सुखी मानिसहरु बस्ने मुलुकको सूचीमा नेपाल१०५औं भन्दा तलको स्थानमा परेको प्रतिवेदन सार्वजनिक

भएको छ । अर्कोतिर विश्वकै भ्रष्टाचार बढि हुने मुलुकहरुको सूचीमा नेपालपनि निर्लज्ज पर्दै आएको छ,हरेक वर्ष! देशका राष्ट्रिय खेलाडीहरु म्याच फिक्सिङको सजाय काट्न जेलजान्छन् । मन्त्री लगायत उच्च पदस्थ कर्मचारीहरु, सुरक्षा प्रमुखहरु भ्रष्टाचारमा मुछिन्छन् । हाम्रालागि यो भन्दा दु:खलाग्दो र लाजलाग्दो स्थिति अरु के होला र ?

हाम्रो देशमा जुनसुकै सरकारको मुख्य चुनौती नै राज्यका हरेक अव्यवहरुमा मौलाउँदै लगभग संस्थागत हुँदै गएको भ्रष्टाचार नै हो । हुनत: नेपालको मात्र नभएर विश्वका गरीब, विकासोन्मुख र अल्पविकसित प्राय: सबै मुलुकहरुको यो साझा रोग नै हो । तर के यसो भनेर हामी पन्छिन मिल्ला? हाम्रो देशको यस्तो दुर्गती किन हुँदैछ? उत्तर स्पष्ट छ, व्यक्तिमा अनुशासनको अभाव र इमान्दारिताको अभाव। आज निजामती, जंगी, शिक्षा, स्वास्थ्य, सञ्चार, मनोरञ्जन, खेलकूद लगायत राज्यका हरेक क्षेत्रमा चरित्रहीन, अनुशासनहीन, बेईमान र लोभी - पापी माफियाहरुको बिगबिगी र प्रकोप बढेर गएको छ । सही, सच्चा, इमान्दार, राष्ट्रभक्त मानिसहरु निरिह बनेका छन् । ओझेलमा पारिएका छन् । उनीहरु यी सब विकृति र विसङ्गतिहरु टुलुटुलु हेरेर बस्न बाध्य भएका छन् ।सरकार र राज्य निरिह बनेको छ । ऊ आफै कमजोर र केही हदसम्म यसको जिम्मेवार समेत छ । यी यस्ता विकृति र बिसङ्गतिहरुबाट हाम्रो शिक्षा क्षेत्र पनि अछुतो छैन । मेरो शोध लेखनमा यसै मुद्दालाई शिक्षाको क्षेत्रमा विशिष्टिकृत ढंगले उठाउने प्रयास गरेको छु।

भनिन्छ विद्यालय एउटा लघु समाजहो । विद्यालय र समाजबीचको सम्बन्धलाई यति नै भन्दा शायद काफीहुन्छ । राष्ट्रका लागि आवश्यक पर्नेदक्ष जनशक्ति उत्पादन गर्ने भट्टी वा कारखाना नै विद्यालय हो । आजको विश्व परिवेशमा त आफ्नो मुलुकका लागि मात्र नभएर विश्वमा जहाँकही पनि खपत हुनसक्नेअथवा बिक्नसक्ने दक्ष जनशक्ति वा मानवीय संसाधनको विकास र उत्पादन गर्ने थप अन्तर्राष्ट्रिय जिम्मेवारी पनि विद्यालयको हो । तसर्थ विद्यालय आफै अनुशासन भित्र रहनुपर्ने हुन्छ ।

विद्यालयको आफ्नै संस्कृति हुन्छ । अनुशासनको जगमा नै विद्यालयले आफ्नो संस्कृतिको विकास गर्न सकेको हुन्छ । तीन पक्षको अनुशासनको संयुक्त रुप नै विद्यालयको अनुशासन हो, विद्यार्थीको अनुशासन, शिक्षकको अनुशासन र अभिभावकको अनुशासन। अभिभावकको अनुशासनआंलकारीक, औपचारिक र बढी प्राविधिक प्रकृतिको हुन्छ । विद्यार्थीको सिकाई उपलब्धिसँग तिनको प्रत्यक्ष सम्बन्ध रहदैंन। विद्यार्थीसँग प्रत्यक्ष रुपमा नै संलग्न रहने हुँदा शिक्षकको पेशागत अनुशासन र भूमिका नै सर्वाधिक महत्त्वपूर्ण,

प्रभावकारी र निर्णायक हुन्छ । यस अध्ययनमा शिक्षकको पेशागत अनुशासनको बारेमा खोजी र अनुसन्धान गरी समस्याको समाधान गर्ने प्रयत्न गरिएको छ ।

प्रचलित शिक्षा ऐन र नियमावलीले शिक्षकको गुण, योग्यता, काम, कर्तव्य, अधिकार र आचार-संहिता समेत स्पष्ट किटान गरेको छ । सोही मुताविक कक्षाकोठाभित्र आफ्ना व्यवहार र क्रियाकलापहरुलाई अगाडि बढाउनु नै शिक्षकको पेशागत अनुशासन हो । यसभित्र विषयवस्तुको ज्ञान, शिक्षण प्रविधिको ज्ञान, पेशाप्रतिको लगनशीलता, कर्तव्यनिष्ठता, संवेदनशीलता आदिको उच्चतम उपयोगले पेशागत अनुशासनलाई जनाउँदछ । यसका अतिरिक्त कडा परिश्रम, सकारात्मक सोच, निष्पक्षता, असल बोलीवचन र व्यवहार , पूर्वाग्रहहिनता पनि पेशागत अनुशासन भित्र नै पर्दछन् । माथिका गुण, योग्यता र व्यवहारको सफल र प्रभावकारी कार्यान्यवनले विद्यार्थीको सिकाई उपलब्धिमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्दछ ।

तर आचार-संहिताको कार्यान्वयन पक्ष फितलो र कमजोर देखिन्छ । शिक्षकहरु आफ्नो पेशागत अनुशासनबाट उल्लेखनीय हदसम्म स्खलित हुनपुगेको र त्यसको नकारात्मक प्रभाव विद्यार्थीको न्यून सिकाई उपलब्धिले देखाएको छ । शैक्षिक संस्था शैक्षिक माफियाहरुको कब्जामा रहने, शिक्षक प्र.अ. र कर्मचारीको नियुक्तिमा दलीय हस्तक्षेप र प्रभाव रहने, दलीय भागवन्डाका आधारमा वि.व्य.स. र पि.टि.ए. को गठन हुने, विद्यालय भित्रको गुटबन्दिता, दलीय चलखेल र राजनीतिकरण, आर्थिक भ्रष्टाचार, शक्ति र हैसियतको दुरुपयोग, विद्यालय प्रशासनको कमजोर र पक्षपातपूर्ण व्यवहारका कारणले कतिपय इमान्दार शिक्षकहरु पेशाप्रति थकित र निरास बन्न पुगेको स्थिति देखिन्छ । यस्ता कुराहरुले शिक्षकको पेशागत अनुशासनमा थुप्रै मनोगत र प्राविधिक समस्याहरु देखापरेका छन् ।

अर्कातर्फ शिक्षकका पेशागत दक्षता अभिवृद्धिका लागि उचित तालिमको अभाव, तालिमको स्थानान्तरण नगरिनु, यसको अनुगमन नगरिनु, पुर्नताजगी सेवाकालीन तालिम प्रभावकारी र पर्याप्त बन्न नसक्नु, सूचना, सञ्चार प्रविधिमा शिक्षक अद्यावधिक बन्न नसक्नु, शिक्षकहरुलाई वृत्तिविकासको पर्याप्त अवसर उपलब्ध नहुनु, राजनीतिक अस्थिरता र द्वन्दले उत्पन्न गर्ने बन्द, हडताल, चक्काजाम, शिक्षकको न्यून र अपर्याप्त वैतनिक अवस्था र शिक्षकको व्यक्तिगत, पारिवारिक र सामाजिक दुरावस्थाले शिक्षकको मनोबल कमजोर भई उसको पेशागत अनुशासन कमजोर बन्न पुगेको देखिन्छ । यी यावत समस्याको अध्ययन, विश्लेषण गर्नु नै अनुसन्धानको प्रमुख उद्देश्य रहेको छ ।

## १.२ समस्याको कथन

शिक्षकहरुको पेशागत अनुशासनमा देखिएकोस्खलनलाई एउटा समस्याको रुपमा विश्लेषण गर्ने अनुसन्धानको प्रमुख उद्देश्य रहेको छ।समयमा विद्यालयमा उपस्थित नहुने, विद्यालयमा निर्धारीत समयसम्म नबस्ने, कक्षाकोठा भित्र ढिलो जाने र छिट्टै बाहिरिने, शैक्षिक सत्र बित्दै जाँदा अन्तमा धेरै धेरै समय लिएर एकैचोटि धेरै विषयवस्तु पढाउने, विद्यालय पोशाक नलगाउने, शैक्षिक भ्रष्टाचार गर्ने, राजनीतिक पहुँच र आडमा आचार - संहिता पालना नगर्ने, विद्यालयमा धेरै अनुपस्थित रहने,परीक्षा सञ्चालनमा लापरवाही गर्ने, प्रश्नपत्र निर्माणबाट पन्छिन खोज्ने, उत्तरपुस्तिका परीक्षण हचुवाको भरमा गर्ने, नतिजा प्रकाशनमा पक्षपात गर्ने, पाठयोजना बनाएर अध्यापन नगर्ने, विद्यालयका अतिरिक्त कृयाकलापमा निष्कृय रहने, काम ठग्ने र कामचोर प्रवृत्ति अवलम्वन गर्ने, स्वअध्ययन र अनुसन्धान कार्यमा रुचि नराख्ने, नव प्रवर्तनलाई वेवास्ता गर्ने, पठनपाठनमा गैह्रजिम्मेवार र लापरवाही ढंगले प्रस्तुत हुने जस्ता थुपै पेशागत अनुशासनको प्रतिकूल चरित्र र कृयाकलापहरु प्रदर्शन गर्ने समस्याहरु दिनानुदिन बढ्दै आएको देखिएकाले त्यसको कारण र समाधान खोज्ने साथै यस दिशातर्फ के कस्ता कार्यहरु यसअघि भएका छन्? तिनीहरु किन पर्याप्त प्रभावकारी बन्न सकेनन् ? र अब अगाडि के गर्न सकिन्छ? त्यसका बारेमा अध्ययन गर्न '**माध्यमिकविद्यालय तहका शिक्षकको पेशागत अनुशासनको अवस्था**'शीर्षक छनोट गरी समस्याको कथन निर्माण गरिएको छ । शोधपत्रको मुख्य उद्देश्य यिनै समस्याको पहिचान, कारण, विश्लेषण र समाधानतर्फ केन्द्रित रहेको छ ।

## १.३ अध्ययनको औचित्य

मथि नै उल्लेख गरिसकियो कि शिक्षण सिकाई कृयाकलापलाई उपलब्धिमूलक बनाई शैक्षिक लक्ष्य प्राप्त गर्न विद्यालय शिक्षामा प्रमुख ३ पक्षहरु प्रभावी रहन्छन्, शिक्षक, विद्यार्थी र अभिभावक । यी ३ प्रमुख पक्षहरु बीचको समन्वय र सहकार्यमा मात्र सिकाई प्रभावकारी र उपलब्धिमूलक बन्न जान्छ र दक्ष मानवीय संसाधनको विकास र उत्पादन गर्ने हाम्रो शिक्षाको राष्ट्रिय र अन्तर्राष्ट्रिय लक्ष्य समेत पूरा हुन सक्छ । यी ३ मध्ये कुनै एक पक्ष कमजोर रहन गयो भने त्यसको असर अन्य दुई पक्षहरुमा पनि पर्न जान्छ । समाजको हरेक क्षेत्रमा अनुशासनहीनताको फसल मौलाई रहेको वर्तमान परिवेशमा शिक्षकको पेशागत अनुशासनको मुद्दा एउटा दह्रो मुद्दाको रुपमा स्थापित भएको छ ।पञ्च वर्षीय, त्रिवर्षीय र

वार्षिक राष्ट्रिययोजनाहरु मार्फतहरेक वर्ष सरकारले शिक्षामा भारी बजेट विनियोजन गर्दा समेत त्यो बालुवामा पानी हाले सरह भएको छ । 'खोदा पहाड और निकला चूहा भैँ' भएको देखिन्छ । विद्यालयमा भर्ना हुन आएका बालबालिका मध्ये करिब ७ प्रतिशत मात्रै एस.एल.सी. उतीर्ण हुने वर्तमान दुरावस्थाको एउटा प्रमुख कारक तत्व शिक्षकको असफलता पनि होइन र? यसले भोलि विकराल र भयावह स्थिति ल्याउने खतरा क्रमशः टट्कारो बन्दैछ ।

त्यसकारण त्यसले हरेक शिक्षकले संभव भएसम्म उच्चतम मात्रामा पेशागत बन्दै शिक्षण कार्य गर्न जरुरी भएको छ । त्यसैले यस अनुसन्धानले त्यस दिशातर्फ उत्पन्न समस्या समाधान गर्नकालागि सहयोग पुर्‍याउने, थप मार्गनिर्देशन प्रदान गर्ने, शिक्षकलाई आफ्नो पेशागत अनुशासन र धर्मप्रति खबरदारी र सचेत गराउने कुरामा सहयोग पुऱ्याउने हुँदा यो अनुसन्धान गर्नु परेको हो ।

## १.४ अध्ययनको उद्देश्य

यस शोधपत्र लेखनका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. माध्यमिक विद्यालय तहका शिक्षकहरुको पेशागत अनुशासनको अवस्था पत्ता लगाउनु ।
२. माध्यमिक विद्यालय तहका शिक्षकहरुको पेशागत अनुशासनमा प्रभाव पार्ने तत्वहरुको खोजी गर्नु ।
३. माध्यमिक विद्यालय तहका शिक्षकहरुको पेशागत अनुशासनमा समस्या उत्पन्न हुने कारणहरुको पहिचान गर्नु ।
४. माध्यमिक विद्यालय तहका शिक्षकहरुको पेशागत अनुशासनमा उत्पन्न हुने समस्याहरु समाधान गर्नका लागि अवलम्बन गरिएका उपायहरुको खोजी गर्नु ।

## १.५ अनुसन्धान प्रश्नहरु

अध्ययनका अनुसन्धान प्रश्नहरु यसप्रकार छन् :-

१. माध्यमिक विद्यालय तहको शिक्षकहरुको पेशागत अनुशासनको अवस्था कस्तो छ ?
२. माध्यमिक विद्यालय तहका शिक्षकहरुको पेशागत अनुशासनमा प्रभाव पार्ने तत्वहरु के के हुन् ?
३. माध्यमिक विद्यालय तहका शिक्षकहरुको पेशागत अनुशासनमा समस्या उत्पन्न हुने कारणहरु के के हुन् ?
४. माध्यमिक विद्यालय तहका शिक्षकहरुको पेशागत अनुशासनमा उत्पन्न हुने समस्याहरु समाधान गर्नका लागि अवलम्बन गरिएका उपायहरु के के छन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई प्रभावकारी, उपयोगी र नतिजामुखी बनाउन तथा समय, साधन र स्रोत लगायतका सिमितताका कारण निश्चित सीमाभित्र बाँधिएको छ । यस अध्ययनलाई निम्नानुसार सीमाबद्ध गरिएको छ ।

यो अध्ययनको क्षेत्रलाई पूर्णतया झापा जिल्ला, शनिश्चरे स्रोत केन्द्र, बुधबारे स्रोत केन्द्र र अनारमनी स्रोत केन्द्र गरी जम्मा ३ वटा स्रोतकेन्द्र भित्रका ६ वटा सामुदायिक माध्यमिक/उच्च माध्यमिक विद्यालयहरुभित्रमात्र सिमित गरिएको छ । माध्यमिक तह अन्तर्गत कक्षा ९र कक्षा १० मा अध्यापन गर्ने मा.वि. तहका स्थायी, अस्थायी वा राहत दरबन्दीमा रही काम गर्ने जुनसुकै शिक्षकहरु अध्ययनको जनसंख्याभित्र परेका छन् ।यस अध्ययनबाट प्राप्त निष्कर्षलाई लक्षित जनसंख्याभित्र मात्र सामान्यीकरण गर्न सकिन्छ ।

# परिच्छेद दुई

# सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि खोज तथा अनुसन्धानलाई व्यवस्थित रुपमा सञ्चालन गरी सही निष्कर्ष निकाल्न सम्वन्धित क्षेत्रमा यस अघि भएका, गरिएका खोज तथा सामग्रीहरुले आधार प्रदान गर्दछन् । यस परिच्छेदमा सम्वन्धित साहित्यको पुनरावलोकन गरिएको छ । शिक्षकको पेशागत अनुशासनको सम्वन्धमा काफी बहस, चर्चा, चिन्तन, कार्यशाला, सेमिनार, गोष्ठि, तालिमर अन्य विविध कार्यक्रमहरु सञ्चालन हुँदै आएका देखिन्छन् । जहाँसम्म यससम्वन्धमा सम्वन्धित साहित्यको पुनरावलोकनको सन्दर्भ जोडिन्छ, त्यसमा हामीले हाम्रा धर्मशास्त्रहरुसम्म वा अतित तिर आँखा पुऱ्याउनै पर्ने हुन्छ । किनभने अनुशासनको प्रारम्भिक खाका कोर्ने काम हाम्रा धर्मशास्त्रहरुले नै सुरुवात गरेको पाइन्छ । जस्तो हिन्दु दर्शनअनुसार, शिक्षाका चार उद्देश्यहरु छन्: ऋणबाट मुक्त हुनु, चरित्र निर्माण गर्नु, नागरिक तथा व्यक्तिगत विकास गर्नु र नागरिक तथा सामाजिक कर्तव्य पालना सम्बन्धी भावनामा जोड दिनु । यस दर्शनले शिक्षकलाई 'गुरुब्रम्ह, गुरुदेवो परब्रम्ह महेश्वर' को रुपमा चित्रित गर्दछ । गुरुलाई सत्यको प्रतीक र ज्ञानगुनले सम्पन्न आदर्श व्यक्ति मान्दछ । गुरुलाई सम्मानित र मर्यादित गर्दै ईश्वरको अंशको रुपमा चित्रित गर्दछ । गुरुले सधै सत्य बोल्छन् । गुरुले सधैं सत्यकुरा र ज्ञान प्रदान गर्दछन र गुरुविना ज्ञान प्राप्ति सम्भव छैन । गुरुले सधै, सबैको भलो हुने कार्य मात्र गर्दछन् भनेर गुरुलाई उच्च सम्मान तथा मर्यादा प्रदान गर्दछ, ( विकाशानन्द, २०६९) ।

बौद्ध दर्शनले विद्यार्थीले गुरुप्रति गर्नुपर्ने काम, कर्तव्य र सेवाभावहरुका बारेमा स्पष्ट मार्गनिर्देशन गरेको पाईन्छ । जस्तै : शिक्षक उठ्नासाथ दाँतको दतिउन र पानी दिनेकाम विद्यार्थीले गर्नुपर्ने, शिक्षक बस्ने ठाउँ सफा गर्ने,शिक्षकको मान-सम्मान र सेवा गर्ने अनि शिक्षकले चाँही सकेसम्म विद्यार्थीहरुलाई अनुशासनमा राखेर शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ,(दाहाल, २०६९) ।

नैतिक मूल्य र मान्यतामा सधै सत्यबोल, जीवन सादा बनाऊ, सोचाई उच्च राख, दया र करुणालाई कहिल्यै नछोड, अरुको भलो गर, अरुको अहित हुने कुनै पनि बेला

विचारसम्म नगर, कर्तव्यपथबाट नचुक आदि जस्ता चरित्रवान र आर्दश सिकाउने जिम्मा लिएका गुरुहरु पहिले ती आर्दशहरु स्वयम् पालना गर्दथे र विद्यार्थीलाई पनि सिकाउँथे, ( कोइराला, २०६४)

तर यस्ता आर्दशहरु क्रमशः खुकुलो र कमजोर बन्दै जानुमा हाम्रो शिक्षा प्रणालीकै दोष त छैन?ज्ञानमूलक शिक्षा उपेक्षित हुँदै गएर यस्तो हुन लागेको त होइन ?ज्ञानी होइन सिपालु जनशक्तिमुखी शिक्षाले यो परिणाम ल्याउन खोजेको त होइन ?चरित्रको निर्माण सिपले होइन ज्ञानले गर्दछ । नैतिक मूल्य र मान्यताको जगमा खडा गरिने चरित्र निमार्णका लागि त ज्ञान जरुरी हुँदैन र ? आज हरेक क्षेत्रमा चरित्र र अनुशासन भत्कँदै गएको कारणले शंकागर्ने ठाउँहरु देखिन थालेका छन् । अर्कोतिर विद्यालय तह देखि विश्वविद्यालय तहसम्म नैतिक शिक्षाको मर्म र भावनालाई आत्मसात गर्न नसकेको प्रतिफल सावित भएको छ,(कोइराला, २०६४)

शिक्षकमा हुनुपर्ने ज्ञानको गहिराई, पेशागत निष्ठा एवं इमान्दारिता र कर्तव्य परायणता जस्ता महत्त्वपूर्ण पक्षमा जिम्मेवारी पूरा गराउन सम्वन्धित सबै पक्षले सचेतकको भूमिका निर्वाह गर्नुपर्छ । लापरवाहीका कारण शिक्षण संस्थामा परेको असरबारे खबरदारी गराउँन समाज सजग बन्नु पर्दछ, (सेरिड, २०५७)

प्रचलित शिक्षा नियमावलीले शिक्षकको आचार-संहितामा आफूलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नुपर्ने, निर्धारित समयमा नियमितरुपले विद्यालयमा आए गएको समयमा हाजिर हुनुपर्ने, आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्ने प्रयत्न गर्न नहुने, नेपाल सरकार वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्ध खलल पार्ने प्रयत्न नगर्ने, आज्ञाकारिता, अनुशासन, सद्भाव, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिने, विद्यार्थीलाई योग्य,नागरिक बनाउने उद्देश्य लिई अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने, कुनै भाषा, धर्म तथा समुदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गले फैलाउन नहुने, नेपालको सार्वभौमसत्ता तथा अखण्डतामा आँच आउने कार्य गर्न नहुने भनी कीटान गरेको छ । (शिक्षा ऐन, २०५८, नियमावाली, २०५९)

कक्षा अनुशासनलाई कायम राख्नु शिक्षकको कक्षामा नियमित उपस्थिति कक्षा प्रवेश पुर्व पाठयोजनाको तयारी, पाठको उद्देश्य अनुरुपको पठनपाठन गराउन जरुरी हुन्छ ।

मनपरी पाठ प्राध्यापन गर्ने, समयको ख्याल नगर्ने, कक्षाकोठामा अनावश्यक गफ गर्ने, आचार-संहिताको पालना नगर्ने जस्ता शिक्षकको क्रियाकलपा देखिएमा स्वभाविक रुपमा कक्षा अनुशासन कायम गराउन कठिन अवस्था सिर्जना हुनेमा कुनै दुईमत छैन । शिक्षकले जस्तो व्यवहार गर्दछ प्रत्यक्ष रुपमा त्यसको प्रभाव विद्यार्थीमा पर्न गई समस्या विकराल बन्दै जान्छ । तथापिशिक्षकले कक्षामा प्रवेश गर्नुभन्दा अगाडिपुर्व तयारीका साथ प्रवेश गरेर विद्यार्थीहरुको मनोभावनालाई बुझ्रेर उनीहरुको इच्छा, आकांक्षा रुचीको कदर गरी प्राध्यापन गर्न सके सिकाई प्रभावकारी र फलदायी सावित हुन्छ र शिक्षकको प्रमुख जिम्मेवारी र विद्यार्थी प्रतिको उत्तरदायित्व पनि यहि हो जसको प्रतिफल विद्यार्थी आचार संहिता पनि लागु हुनसक्योर त्यसको प्रतिफल विद्यार्थी आचारसंहिता पनि कार्यान्वयन गर्न सहज, सरल हुन्छ । त्यसैले उक्त व्यवहारबाट नै कक्षा अनुशासन कायम गराउन समेत सकिन्छ । ( तामाङ, २०७१)

## २.२ अध्ययनको अवधारणात्मक ढाँचा

अनुसन्धान कार्यको लक्ष्य सहज रुपमा प्राप्त गर्नका लागि र अध्ययन कार्यलाई क्रमबद्ध, सरल र सहज रुपमा पूरा गर्नका लागिअध्ययनको अवधारणात्मक ढाँचा निम्न बमोजिम निर्माण गरिएको छ । उक्त अवधारणात्मक ढाँचाबाट शिक्षकको पेशागत अनुशासनको अवस्था पत्ता लगाउन पेशागत अनुशासनमा प्रभाव पार्ने तत्वहरुको खोजी गर्न, पेशागत अनुशासनमा समस्या उत्पन्न हुने कारणहरु पत्ता लगाउन र अवलम्बन गरिएका समाधानका उपायहरुको खोजीगर्न मद्दत मिलेको छ ।

यस अध्ययनको अवधारणात्मक ढाँचा निम्न बमोजिमछ ।

| | | |
|---|---|---|
| माध्यमिक विद्यालय तहका शिक्षकको पेशागत अनुशासनको अवस्था | माध्यमिक विद्यालय तहको शिक्षकको पेशागत अनुशासनको अवस्था | ▪ व्यवहार छुट्टयाउने आधारहरु<br>▪ अपेक्षित व्यवहारहरु<br>▪ प्रदर्शित व्यवहारहरु |
| | माध्यमिक विद्यालय तहका शिक्षकहरुका पेशागत अनुशासनमा प्रभाव पार्ने तत्वहरु | ▪ आन्तरिक तत्वहरु<br>▪ बाह्य तत्वहरु |
| | माध्यमिक विद्यालय तहका शिक्षकको पेशागत अनुशासनमा समस्या उत्पन्न हुने कारणहरु | ▪ आन्तरिक कारणहरु<br>▪ बाह्य कारणहरु<br>▪ तथ्यांकको विश्लेषण र व्याख्या |
| | माध्यमिक विद्यालय तहका शिक्षकको पेशागत अनुशासनमा उत्पन्न भएका समस्याहरु समाधान गर्नका लागि अवलम्बन गरिएका उपायहरु | ▪ विद्यालय प्रशासनद्वारा अवलम्बन गरिएका उपायहरु<br>▪ वि.व्य.स. र पि.टि.ए.द्वारा अवलम्बन गरिएका उपायहरु<br>▪ माथिल्लो शैक्षिक निकायहरुद्वारा अवलम्बन गरिएका उपायहरु<br>▪ अभिभावकहरुद्वारा अवलम्बन गरिएका उपायहरु<br>▪ भु.पु.विद्यार्थीहरुद्वारा अवलम्बन गरिएका उपायहरु<br>▪ शिक्षक स्वयंद्वारा अवलम्बन गरिएका उपायहरु<br>▪ तथ्यांकको विश्लेषण र व्याख्या<br>▪ तथ्यांकको विश्वसनीयता र वैधता |

(भण्डारी, २०६६)

## २.३ पुनरावलोकनको उपादेयता

पूर्वसाहित्यको माथिको पूनरावलोकनले शिक्षकको पेशागत अनुशासनका अनुकूल र प्रतिकूल व्यवहारहरु छुट्याउने आधारको रुपमा, प्रचलित शिक्षा ऐन तथा नियमावलीले किटान गरेका आचार-संहिता र कामकर्तव्य स्पष्ट पार्नमा, धर्म, दर्शनले स्थापित गरेका अनुशासनका मूल्य-मान्यता र परिभाषा स्पष्ट गर्नमा प्रस्तुत अध्ययनलाई थप सहयोग पुऱ्याएको छ । अध्ययनलाई अझ सुक्ष्म मसिनो गरी अगाडि बढाउनमा मार्ग प्रशस्त गरेको छ ।

यसका अतिरिक्त माथिको अवधारणात्मक ढाँचाबाट कक्षाकोठाभित्र शिक्षकको अनुशासनगत स्थिति के कस्तो अवस्थामा रहेको छ ? के कस्ता व्यवहारहरु हुनुपर्ने हो ? तर के कस्ता व्यवहार र क्रियाकलापहरु प्रदर्शन भएका छन् वा हुने गरेका छन् ? कक्षाकोठा भित्रमात्र नभएर बाहिर समेत यसको अवस्था कस्तो रहेको छ ? के कति कारणले पेशागत अनुशासनमा के कस्ता कति समस्याहरु उत्पन्न भएका छन् ? अन्तमा ती समस्याहरु हटाउन सम्बद्ध पक्षहरुबाट के कस्ता उपायहरु अवलम्बन गरिएका छन् भन्ने जस्ता कुराहरुको खोजी गर्न सहयोग पुगेको छ । अनुशासनकाक्रममा गरिने विविध कृयाकलापहरुलाई एकत्रित र समन्वित गरी अपेक्षित उद्देश्य प्राप्त गर्न सरल र सहज हुनेदेखिएकाले यस अवधारणात्मक ढाँचा छनोट गरी शोधपत्र लेखन कार्यलाई अगाडि बढाइएको छ ।

# परिच्छेद तीन
# अध्ययन विधि

यस अनुसन्धानको लक्ष्य र उद्देश्य प्राप्तिका लागि उपयुक्त अध्ययन विधिको छनोट गर्ने क्रममा विशेषतः अनुसन्धानको ढाँचा, तथ्याङ्कको स्रोत, जनसंख्या एवम् नमुना छनोट प्रक्रिया, तथ्याङ्क संकलनका साधन र तथ्याङ्क संकलन एवम् विश्लेषण प्रक्रिया निम्न बमोजिम छ ।

## ३.१ अनुसन्धानको ढाँचा

विषयवस्तुको प्रकृति, अनुसन्धानको उद्देश्य र संकलित सूचनाको प्रकृतिको आधारमा प्रस्तुत अनुसन्धान कार्यका लागिगुणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या र नमूना छनोट

यस अध्ययनमा झापा जिल्ला शनिश्चरे स्रोत केन्द्र, बुधबारे स्रोत केन्द्र र अनारमनी स्रोत केन्द्र भित्र रहेका ३० वटा सामुदायिक माध्यमिकविद्यालयहरुमा कक्षा ९ अथवा कक्षा १० मा अध्यापन गर्ने ८० जना भन्दा बढी शिक्षकहरुलाई अध्ययनको जनसंख्याको रुपमा छनोट गरिएको छ । यसभित्र स्थायी, अस्थायी, राहत सबै प्रकारका शिक्षकहरु रहेकाछन् ।

अनुसन्धानको क्रममा स्रोत, साधन र समयको सिमितताको कारणले सम्पूर्ण जनसंख्यालाई लिएर अध्ययन गर्ने व्यावहारिक रुपमा कठीन हुने भएकोले माथि छनोट गरिएको सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व हुने गरी गोलाप्रथाद्वारा ६ वटा माध्यमिक विद्यालयहरुछनोट गरिएको छ र छनौट गरिएकोप्रत्येक माध्यमिक विद्यालयहरुबाट फेरी गोलाप्रथाद्वारा नै कम्तिमा १ देखि बढिमा ३ जनासम्म शिक्षक पर्ने गरी जम्मा १५ जना शिक्षकहरुलाई नमुना जनसंख्याको रुपमा छनोट गरिएको छ ।

नमूना जनसंख्या छनोट गर्दा सम्बन्धित विद्यालय र प्र.अ. अथवा प्राचार्यको सहमति र स्वीकृतिमा छनोट गरिएको छ ।गोलाप्रथा विधि छनोट गरी नमूना छनोट गरिएको छ । छनोट प्रक्रियालाई पूर्वाग्रहरहित, निष्पक्ष, विवादरहित, पारदर्शि बनाउन रेन्डम नमुना छनोट विधि प्रयोग गरिएको हो । विद्यालय र प्र.अ.को नामावली अनुसूची ११ मा, वि.व्य.स. र पि.टि.ए.अध्यक्षहरुको नामावली अनुसूची १२ मा र सहभागी शिक्षकहरुको नामावली अनुसूची १३ मा दिइएको छ ।

**३.३ तथ्यांकका स्रोतहरु**

तथ्यांकको स्रोतको रुपमा प्राथमिक र द्वितीयदुवै प्रकृतिका स्रोतहरुको प्रयोग गरिएको छ ।

**३.३.१ प्राथमिक स्रोत**

प्राथमिक स्रोतको रुपमा सम्बन्धित विद्यालयका प्रधानअध्यापकहरु, छनोट गरिएको शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, अभिभावक शिक्षक संघका अध्यक्षहरु, छनोट गरिएका शिक्षकहरुले अध्यापन गर्ने विद्यार्थीहरुलाई प्राथमिक स्रोतका रुपमा प्रयोग गरिएको छ ।

**३.३.२ द्वितीय स्रोत**

तथ्यांकको द्वितीय स्रोतको रुपमा अनुसन्धानको उद्देश्य प्राप्तीमा सहयोग पुऱ्याउन सक्ने सम्बन्धित सुचनाहरु प्राप्त गर्नका लागि विद्यालयमा उपलब्ध दस्तावेजहरुको प्रयोग गरिएको छ । यस अन्तर्गत विद्यालयको मार्क लेजर, शिक्षकहरुको हाजिरी बही, विद्यालयको कार्यालय भित्र टाँस गरिएको पोष्टरहरु, तालिकाहरु, इत्यादिको प्रयोग गरिएको छ ।

## ३.४ तथ्यांक तथा सूचना संकलनका साधनहरु

अध्ययनको उद्देश्य पूरा गर्नका लागि तथ्यांक संकलनका विभिन्न बैध तथा प्रामाणिक औजारहरुको प्रयोगगर्नुपर्ने हुन्छ । यस अध्ययनमा गुणात्मक सूचना संकलनका लागि प्रश्नावलीविधि, अन्तर्वार्ता,कक्षाकोठा अवलोकन,रुजुसूची र दस्तावेज अध्ययन(डकुमेन्ट अध्ययन) विधिहरु प्रयोग गरिएका छन् ।

**३.४.१ प्रश्नावली विधि**

अनुसन्धानको उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने जुनसुकै प्रकारका उपयुक्त प्रश्नावलीहरु सहभागी शिक्षक, प्र.अ./प्राचार्य, वि.व्य.स.अध्यक्ष र पि.टि.ए. अध्यक्षकालका लागि छुट्टाछुट्टै निर्माण गरी यसको प्रयोग गरिएको छ । यस्ता प्रश्नावलीका ढाँचाहरु अनुसूची १, अनुसूची २, अनुसूची ३ र अनुसूची ४ मा दिइएको छ । शिक्षकका लागि प्रश्नावली अनुसूची १ मा, प्र.अ.का लागि प्रश्नावली अनुसूची २ मा, विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली अनुसूची ३ मा र अभिभावक शिक्षक संघका अध्यक्षका लागि प्रश्नावली अनुसूची ४ मा दिइएको छ ।

### ३.४.२ अर्न्तवार्ता

यसमा पूर्वनिर्धारित प्रश्नविना नै अनौपचारिक ढंगले कुराकानीको माध्यमद्वारा आवश्यक जानकारी तथा तथ्यांक प्राप्त गर्ने प्रयास गरिएको छ । विषयवस्तुलाई सहभागीसमक्ष प्रस्तुत गरी आमने सामने प्रश्नोत्तर प्रकृयालाई अगाडि बढाइएको छ । पहिलो उत्तरको आधारमा दोस्रो प्रश्नको चयन गरिएको छ । सहभागी शिक्षकलाई विषयवस्तु बाहिर जान नदिने र गहिराई सम्म जानकारी प्राप्त गर्ने प्रश्नहरु सोधिएको छ । शिक्षकअन्तर्वार्ताको ढाँचाअनुसूची ५ मा दिइएको छ ।

### ३.४.३ कक्षाकोठा अवलोकन

शिक्षकले अध्यापन गरिरहेको समयमा कक्षाकोठाभित्र प्रवेश गरी शिक्षकको गतिविधि र कृयाकलापको प्रत्यक्ष अवलोकन गरिएको छ ।तर तिनका व्यवहार र क्रियाकलापहरुमा भाग लिइएको छैन । कक्षाकोठाको एउटा कुनामा बसेर अवलोकन मात्र गरिएको छ । अवलोकनकर्ताको निष्क्रिय सहभागिता मात्र रहेको छ । सम्वन्धित शिक्षक र प्र.अ. को स्वीकृति र सहमति कायम गरेर कक्षाकोठा अवलोकन कार्य सम्पन्न गरिएको छ । अवलोकनमा शिक्षकले प्रदर्शन गरेका ३४ वटा व्यवहार र क्रियाकलापहरुको अवलोकन गरिएको छ जसको विवरण अनुसूची ६ मा दिइएको छ ।

### ३.४.४ रुजूसूची

सहभागी शिक्षकको पेशागत अनुशासनसँग सम्बन्धित व्यवहार र कृयाकलापहरुको मापन गरी निजको पेशागत अनुशासनको स्तर वा अवस्था पत्ता लगाउन रुजुसूचीको निर्माण र प्रयोग गरिएको छ । सम्वन्धित विद्यालय, प्र.अ.र छनोट गरिएको शिक्षकको सल्लाह, सहमति र स्वीकृतिमा, कसैको पनि मान, सम्मान र प्रतिष्ठा अनि भावनामा चोट पनि नपुऱ्याउने तर उद्देश्य प्राप्तिमा उल्लेखनीय सहयोग पनि पुऱ्याउन सक्ने तथ्यांक वा सूचना प्रदान गर्न सक्ने व्यवहार र कृयाकलापहरुलाई समावेश गरी, मूल्यांकनका ४ तहहरु समेत समावेस गरी शिक्षकको अनुपस्थितिमा कक्षा कोठाभित्रका ५ (प्रत्येक शिक्षककालागि) जना विद्यार्थीहरु बीच रुजू सूचीको प्रयोग गरिएकोछ । उक्त रुजुसूचीमा शिक्षकले प्रदर्शन गर्न सक्ने ४३ वटा पेशागत अनुशासनसँगसम्बद्ध व्यवहार र क्रियाकलापहरुको मापदण्ड बमोजिम मापन गर्ने प्रयास गरिएको छ । यस्तो रुजुसूचीको ढाँचाअनुसूची ७ मा दिइएको छ । सहभागी विद्यार्थीहरुको नामावली अनुसूची १४ मा दिइएको छ ।

### ३.४.५ दस्तावेज (डकुमेन्ट) अध्ययन

यस अन्तर्गत शिक्षकको हाजिरी रजिस्टर, विद्यालय तथ्यांक फाराम, विद्यालय सुधार योजना, कक्षागत नतिजाको लेजर, विद्यालयका भित्तामा टाँस गरिएका तथ्याङ्क, चार्ट, ग्राफ,कार्य विवरण तालिका, कार्ययोजना तालिका,विद्यालयको जर्नल आदिको आवश्यकता अनुसार केही वा सबै सामग्रीको अध्ययन गरी चाहिएको तथ्यांक संकलन गरिएको छ। दस्तावेज अध्ययनको ढाँचालाई (क), (ख) र (ग) गरी तीनप्रकारमा बाँडिएको छ । (क)मा नियमिततार अतिरिक्त जिम्मेवारीको विवरण(ख) मा शिक्षकको योग्यता र कार्य सन्तृष्टि अनि सेवा, सुविधा सम्बन्धिविवरण र (ग) मा पेशागत अनुशासनमा उत्पन्न हुने समस्याहरुको समाधानका लागि सरोकारवाला पक्षहरुले अवलम्बन गरेका उपायहरुको बारेमा अध्ययन गर्ने प्रयास गरिएको छ । दस्तावेज अध्ययनको ढाँचा (क) अनुसूची ८ मा, दस्तावेज अनुसन्धान ढाँचा (ख) अनुसूची ९ मा र दस्तावेज अनुसन्धान ढाँचा (ग) अनुसूची १० मा दिइएको छ ।

## ३.५ तथ्यांक संकलन प्रक्रिया

अनुसन्धानका लागि आवश्यक पर्ने तथ्यांक संकलन गर्न अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा गई सम्बद्ध जनसंख्या वा पक्षहरुसँग पर्याप्त बारम्बारतामा प्रत्यक्ष, भेटघाट, सम्पर्क र अर्न्तक्रिया गरी तथ्यांक संकलन गरिएकोछ । यसकालागि सम्बन्धित विद्यालय र सम्बद्ध व्यक्तिहरुको स्वीकृति, सहमति र आवश्यक सहयोगका लागि अनुरोध गरिएको थियो । तथ्यांक संकलनका साधनको विश्वसनीयता र वैधता सुनिश्चित गर्न कतिपय साधनको प्रयोग एउटै जनसंख्यामा एकभन्दा बढि पटक समेत प्रयोग गरिएको छ साथै दुई फरक साधनहरुबाट प्राप्त तथ्याङ्कहरुको तुलनात्मक विश्लेषण समेत गरिएको छ ।

## ३.६ तथ्यांक विश्लेषण प्रकृया

अन्तमा, संकलित तथ्यांकको विश्लेषण गरिएको छ । शैक्षिक अनुसन्धानको क्रममा तथ्यांकका प्राथमिक र द्वितीय साधनको प्रयोगबाट प्राप्त तथ्यांकहरुको मापन र मूल्याङ्कन गर्न रेटिङ स्केल कायम गरी गुणात्मक तथ्यांकहरुको स्तरीकरण गर्ने र विश्लेषण गर्ने प्रयास गरियो । रेटिङ स्केलको आधारमा गुणात्मक तथ्यांकलाई संख्यात्मक तथ्यांकमा परिणत गरी विश्लेषण गर्ने र निष्कर्ष निकाल्ने काम गरियो । गुणात्मक तथ्यांकको विश्लेषणमा तथ्यांक घटाउने, तथ्यांक प्रदर्शन गर्ने र निष्कर्ष निकाल्ने आधारभूत चरणहरु समेत अवलम्बन

गरियो । कतिपय तथ्यांकको गुणात्मक विश्लेषणगरिएको छ ।तर यस अध्ययनमा डकुमेन्टबाट प्राप्त तथ्यांकको तथ्यांकशास्त्रीय विश्लेषण गरिएको छ । त्यस्तै रुजु सूचीबाट प्राप्त तथ्यांकको गुणात्मक र संख्यात्मक दुवै ढंगले विश्लेषण गरिएको छ । रुजु सूचीबाट प्राप्त गुणात्मक तथ्यांकलाई रेटिङस्केल कायम गरी तथ्यांकको विश्लेषण गरिएको छ । गुणात्मक तथ्याङ्कको विश्लेषणमातथ्याङ्कहरु घटाउने, तथ्यांक प्रदर्शन गर्ने र निष्कर्ष निकाल्ने आधारभूत चरणहरु अवलम्बन गरिएको छ ।

# परिच्छेद चार
# नतीजाको छलफल

'माध्यमिक विद्यालय तहका शिक्षकको पेशागत अनुशासनको अवस्था'- को लेखाजोखा गर्न चारमुख्य शीर्षकहरु अन्तर्गत १६ वटा उपशीर्षकहरु समावेश गरी अध्ययनको अवधारणात्मक ढाँचा तयार गरिएको छ । पहिलो शीर्षकमा विद्यालयमा शिक्षकको पेशागत अनुशासनको स्थितिको मूल्याङ्कन गर्न चारवटा उपशीर्षकहरु, दोस्रो शीर्षकमा पेशागत अनुशासनमा समस्या उत्पन्न हुने कारणहरुको लेखाजोखागर्न दुईवटा उपशीर्षकहरु र तेस्रो शीर्षकमा पेशागत अनुशासन कायम राख्न अवलम्बन गरिएका उपायहरुको लेखाजोखा गर्न नौवटा उपशीर्षकहरु अर्न्तगत सूचना, तथ्याङ्क र प्रतिक्रियाहरु प्राप्त गरी तिनको छलफल, विश्लेषण र व्याख्या गरिएको छ । अध्ययन गरिएका लक्षित व्यक्ति वा निकायहरुबाट प्राप्त प्रतिक्रियाहरु वा नतिजालाई छलफल गर्न निम्न बमोजिमका शीर्षकहरु अन्तर्गत व्याख्या गरिएको छ ।

## ४.१माध्यमिक विद्यालय तहका शिक्षकहरुको पेशागत अनुशासनको अवस्था

### ४.१.१ व्यवहार छुट्टयाउने आधारहरु

सर्वप्रथम पेशागत अनुशासन भनेको के हो ?भनी प्रधानअध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यूहरु, अभिभावक शिक्षक संघका अध्यक्षज्यूहरु र नुमना जनसंख्यामा परेका सहभागि शिक्षकहरुलाई प्रश्नावली मार्फत र शिक्षकहरुलाई चाहि थप अन्तर्वार्ता मार्फत पनि उनीहरुको धारणा बुझ्ने प्रयत्न गर्दा पेशागत रुपमा एउटा व्यक्तिले पालना गर्नुपर्ने नीति, नियम, व्यवहार र क्रियाकलापहरु नै पेशागत अनुशासन हो भनी उनीहरुले जवाफ दिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र अभिभावक शिक्षक संघका अध्यक्षहरुले शिक्षकको पेशागत अनुशासनको सन्दर्भमा के प्रतिक्रिया दिए भने शिक्षकले बालबालिकाहरुलाई राम्ररी पढाउनु, इमान्दारीपूर्वक पढाउनु, पुरा समयसम्म पढाउनु, कामका नठग्नु, नियमित रुपमा पढाउनु, विद्यार्थीहरुसँग मर्यादित व्यवहार गर्नु, विद्यालयमा राजनीति नगर्नु, समयमा कोर्स पुरा गर्नु नै शिक्षकको पेशागत अनुशासन हो । तर, शिक्षक र प्रधानअध्यापकहरुले थप कुरा के पनि बताए भने वास्तवमा शिक्षकको पेशागत अनुशासन भनेको एउटा शिक्षकले

विद्यार्थीहरुलाई अथवा सिकारु बालबालिकाहरुलाई पठन - पाठन गर्ने क्रममा विद्यालयमा अझ स्पष्ट रुपमा भन्नुपर्दा कक्षाकोठा भित्र के गर्छ वा गर्नसक्छ भन्नु भन्दा पनि के गर्नुपर्दछ अथवा कसरी गर्नुपर्दछ भन्ने सन्दर्भ नै हो । उनीहरुले के बताए भने शिक्षकको पेशागत अनुशासन भनेको उसको विषयगत शैक्षिक योग्यता, प्रमाण पत्रहरु, उसले हासिल गरेको ज्ञान, सिप, क्षमता र दक्षता नभएर ति कुराहरुको विद्यार्थीमा स्थानान्तरण गर्दा उसले पालना गर्ने इमान्दारिताको हद हो ।

उनीहरुले अगाडि बताए कि तालिम प्राप्त भएरमात्र के गर्नु यदि उसले प्रभावकारी रुपमा, अनुशासित भएर तालिममा सिकेका नयाँ ज्ञान, सिप र क्षमतालाई कक्षाकोठाभित्र ल्याएर इमान्दारीपूर्वक विद्यार्थीहरुलाई बाड्दैन भने ! त्यसकारण शिक्षकको पेशागत अनुशासन शिक्षकको क्षमतासँग नभएर उसको इच्छा र इमान्दारितासँग गासिने विषय हो भनी उनीहरुले बताए । यसका अतिरिक्त उनीहरुले शिक्षकको मानव सम्बन्ध पनि उच्च र उन्नत स्तरको हुनुपर्ने बताए । अन्तर्वार्ताको क्रममा यसलाई अझ बढि स्पष्ट पार्न अनुरोध गर्दा उनीहरुले असल मानव सम्बन्ध भन्नाले यहाँ मुख्यतः सिकारु बालबालिकाहरु अथवा विद्यार्थीहरु प्रति शिक्षकले प्रदर्शन गर्नुपर्ने अथवा निर्वाह गर्नुपर्ने बालमैत्रिपूर्ण सम्बन्ध हो भनी बताए । सिकारुहरुसँग असल मानवीय सम्बन्ध कायम राख्दै आफ्नो कर्तव्य र काम इमान्दारीपूर्वक सम्पन्न गर्नु नै शिक्षकको पेशागत अनुशासन हो भनेर उनीहरुले प्रतिक्रिया दिए । प्रायः सबै प्रधानअध्यापकहरुको यस सन्दर्भमा यस्तै धारणा पाइयो ।

बालबालिकाहरुलाई सिकाई गराउनमा शिक्षकको भूमिका के हो ?शिक्षकको कस्तो भूमिका हुनुपर्दछ ? भनी प्रश्नावली मार्फत सहभागी शिक्षकहरुलाई प्रतिक्रिया माग्दा बालबालिकालाई सिकाउनका लागि उत्प्रेरक अथवा सहजकर्ताको भूमिका नै शिक्षकको भूमिका हो भनी उनीहरुले लिखित जवाफ दिए । शिक्षकले सिकाउने होइन, बालकले आफै सिक्दछ, शिक्षकले त उसलाई सिक्नका लागि आवश्यक वातावरण निर्माण गरिदिने हो भनी उनीहरुले बताए । जर्बजस्ती डर, त्रास देखाएर कुनै कुरा सिक्न बाध्य पार्नु भन्दा सिक्नलाई उत्साहित र सो प्रेरित गर्नु नै शिक्षकको भूमिका हो भनी उनीहरुले बताए तर

केही शिक्षकहरुले बालबालिकालाई सिकाउने क्रममा आवश्यकता परे शारीरिक वा मानसिक दण्डपनि दिनुपर्दछ भनी बताए ।

प्रश्नावली र अन्तर्वार्ता मार्फत राखिएको तेस्रो प्रश्न थियो, पेशागत रुपमा स्वीकृत र अस्वीकृत व्यवहारहरु भन्नाले अनुकुल र प्रतिकुल व्यवहारहरु के का आधारमा पहिचान गरी छुट्याउने ? असल र खराब व्यवहारहरु छुट्टयाउने आधारहरु के के हुन् भनी प्रश्नावली मार्फत प्रधानअध्यापक, शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अभिभावक शिक्षक संघका अध्यक्षलाई प्रश्नावली मार्फत जिज्ञासा राख्दा उनीहरुल यसको मुख्य तीन आधारहरु बताए । पहिलो आधार : देशको मूल कानुन र ऐनले निर्दिष्ट गरेका नीति, नियमहरु जस्तो हाम्रो देशको मुल कानुनले कुनै पनि प्रकारको जातीय, क्षेत्रिय, लिङ्गीय, धार्मिक, सांस्कृतिक कुनैपनि आधारमा गरिने कुनै पनि प्रकारको भेदभावलाई पुर्णतया निषेध गरेको छ । जनताको मौलिक हक र अधिकारको स्पष्ट किटान गरेको छ । मुल कानुन भनेको देशको संविधान हो । त्यसकारण त्यही संविधानले निर्दिष्ट गरेको कानुनी र संवैधानिक आधारमा नै एउटा शिक्षकले बालबालिकाहरुलाई पठनपाठन गर्ने क्रममा कक्षाकोठा भित्र गर्नुहुने र गर्नु नहुने व्यवहारहरु छुट्टयाउनुपर्दछ भनी उनीहरुले प्रतिक्रिया दिए ।

दोस्रो बालक जन्मेको घरपरिवार र हुर्केको समाजले देशको मूल कानूनसँग नबाझिने गरी निर्माण गरेको विशिष्ट संस्कृति र त्यसै संस्कृतिले अंगीकार गरेको मूल्य, मान्यता, आदर्श, विश्वास र व्यवहारहरु हुन् भनी उनीहरुले बताए । तर यसमा राज्यले निर्माण गरेको कानुन प्रमुख हो की समाजको मूल्यमान्यता र विश्वासहरु प्रमुख हो भन्ने कुरामाउनीहरुविभाजित रहेका छन । त्यसकारण समाजका आधारमा यथासम्भव न्युनतम रुपमा सर्वस्वीकार्य हुने गरी राज्यले नीति, नियम संविधान र ऐनकानुन बनाउने हो त्यसैले समाज प्रमुख हो भन्ने प्रतिक्रिया पनि प्राप्त भयो । फेरि समाजका हरेक व्यक्ति वा राज्यका हरेक नागरिकले देशको संविधान, नीति, नियम र ऐन कानुन बमोजिम चल्नु पर्ने हुँदा राज्य निर्मित कानुन चाँही प्राथमिक र प्रमुख कुरा हो भन्ने प्रतिक्रिया पनि प्राप्त भयो तर जे भए पनि अगाडि पछाडि जुन आए पनि दुवै नै मानिसको नैतिकता

सद्व्यवहार अनुशासित व्यवहार र क्रियाकलापहरुको कसि नाप्ने आधारहरु चाँही हुन भन्ने कुरा सबैले बताए ।

विद्यमान शिक्षा ऐन र नियमावलीले निर्माण गरेको शिक्षक आचार संहिता व्यवहार छुट्टयाउने तेस्रो आधार हो भनी उनीहरुले बताए । प्रचलित शिक्षा ऐन र नियमावलीले शिक्षकको गुण, योग्यता काम, कर्तव्य, अधिकार र आचार-संहिता समेत स्पष्ट किटान गरेको छ । सोही मुताविक कक्षाकोठा भित्र आफ्ना व्यवहार र क्रियाकलापहरुलाई अगाडि बढाउनु नै शिक्षकको पेशागत अनुशासन हो । यसभित्र विषयवस्तुको ज्ञान, शिक्षण प्रविधिको ज्ञान, पेशा प्रतिको लगनशीलता, कर्तव्यनिष्ठता, संवेदनशीलता आदिको उच्चतम उपयोग नै पेशागत अनुशासन हो भनी उनीहरुले बताए । प्रचलित शिक्षा नियमावलीले शिक्षकको आचार-संहितामा आफूलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नुपर्ने, निर्धारित समयमा नियमितरुपले विद्यालयमा आए गएको समयमा हाजिर हुनुपर्ने, आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसै माथि पनि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्ने प्रयत्न गर्न नहुने, नेपाल सरकार वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्ध खलल पार्ने प्रयत्न नगर्ने, आज्ञाकारिता, अनुशासन, सद्भाव, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिने, विद्यार्थीलाई योग्य, नागरिक बनाउने उद्देश्य लिई अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्भनु पर्ने, कुनै भाषा, धर्म तथा समुदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गले फैलाउन नहुने, नेपालको सार्वभौमसत्ता तथा अखण्डतामा आँच आउने कार्य गर्न नहुने भनी कीटान गरेको छ । त्यसकारण एउटा शिक्षकको पेशागत अनुशासनसँग सम्वद्ध स्वीकृत र अस्वीकृत व्यवहारहरु छुट्टयाउने कार्यमूलक, विशिष्टिकृत र प्रमुख आधार विद्यमान शिक्षा ऐन र नियमावलीले निर्माण र निर्धारण गरेको शिक्षक आचार-संहिता नै हो भनेर उनीहरुले प्रतिक्रिया दिए ।

साधारण आधार राज्य निर्मित ऐन, कानुन र विशिष्ट अनि कार्यमुलक आधार शिक्षा नियमावलीले निर्दिष्ट गरेको आचारसंहिता हो भनी उनीहरुले बताए ।

यी ३ वटा आधारहरुले भने बमोजिम गरिने व्यवहारहरु स्वीकृत व्यवहारहरु अथवा अपेक्षित व्यवहारहरु हुन् भने सो अनुसार नगरिने व्यवहारहरु अस्वीकृत व्यवहारहरु हुन् । अझ विशिष्टिकृत रुपमा भन्नुपर्दा विद्यमान शिक्षा ऐन तथा नियमावलीले शिक्षकका लागि निर्माण गरेको व्यवहार र कृयाकलापहरु नै शिक्षकका लागि स्वीकृत व्यवहारहरु हुन् भन्ने प्रतिक्रियाउनीहरुले दिए ।

### ४.१.२ अपेक्षित व्यवहारहरु

असल र खराब व्यवहारहरुको लेखाजोखा गर्ने आधार उनीहरुले बताए पछि अपेक्षित व्यवहारहरुको खोजी गर्ने क्रममा एउटा शिक्षकले अनुशासित भएर पठन-पाठन गर्न अथवा आफ्नो पेशागत अनुशासनलाई पूरै न्याय दिन के कस्ता व्यवहारहरु प्रदर्शन गर्नुपर्दछ ? अनुशासित शिक्षकका व्यवहारहरु के कस्तो हुनुपर्दछ ? भनी प्रधानअध्यापक, व्यवस्थापन समितिका अध्यक्ष र अभिभावक शिक्षक संघका अध्यक्षलाई प्रश्नावली मार्फत जिज्ञासा राख्दा कक्षाकोठाभित्र बालमैत्री व्यवहार, मिठो बोली, मायालु व्यवहार, कक्षाको उचित व्यवस्थापन, शैक्षिक सामग्री निर्माण र प्रयोग गर्नुपर्ने र कक्षा कोठा बाहिर परीक्षा संचालन, उत्तरपुस्तिका परीक्षण राम्ररी र निस्पक्षढंगले गर्नुपर्ने, विद्यालयभित्रका सम्पूर्ण गतिविधि र कृयाकलापहरुमा सक्रिय सहभागिता जनाउनुपर्ने, आवश्यकता परे अतिरिक्त समयमा काम गर्नुपर्ने, व्यक्तिगत भन्दा विद्यालयको हितलाई बढी ध्यान र प्राथमिकता दिनपुर्ने, इमान्दारितापूर्वक पाठयोजना र शैक्षिक सामग्रीको तैयार गर्नुपर्ने, समयलाई पूर्णतया ख्याल गर्नुपर्ने, नियमितता उन्नत स्तरको हुनुपर्ने, विद्यार्थीहरु प्रतिको व्यवहार असल र मर्यादित हुनुपर्ने, राजनीति र दलीय आग्रह, पूर्वाग्रहबाट मुक्त भई एउटा विशुद्ध शिक्षक भई आफ्ना शैक्षिक गतिविधि र कृयाकलापहरु गर्नुपर्ने जस्ता व्यवहारहरु एउटा शिक्षकमा अनिवार्य रुपमा हुनुपर्दछ भनी उनीहरुले बताए ।

### ४.१.३ प्रदर्शित व्यवहारहरु

मेरो अध्ययन क्षेत्रमा सहभागी शिक्षकहरु (लक्षित समूह) ले पेशागत अनुशासनका सन्दर्भमा के कस्ता व्यवहारहरु प्रदर्शन गरे वा गर्दछन् भन्ने प्रश्नको उत्तर खोज्ने क्रममा उनीहरुले कक्षाकोठाभित्र प्रदर्शन गर्ने व्यवहारर

कक्षाकोठा बाहिर प्रदर्शन गर्ने व्यवहारको अध्ययन गरियो । कक्षाकोठाभित्रको व्यवहारका रुपमा आफ्नो निर्धारित पिरियड र समयमा निर्धारित विषयको अध्यापन गर्दा विषयवस्तु स्पष्ट पार्ने सन्दर्भमा, प्रश्नहरु सोध्ने सन्दर्भमा, कक्षामा उत्प्रेरणा प्रदानगर्ने सन्दर्भमा, कक्षाकोठा शान्त पार्ने र अनुशासन कायम राख्ने सन्दर्भमा,गृहकार्य चेक गर्ने र पृष्ठपोषण प्रदान गर्ने लगायतका विविध सन्दर्भहरुमा शिक्षकले प्रदर्शन गर्ने बोली, वचन, व्यवहार र क्रियाकलापहरुको अध्ययन गरियो ।

त्यस्तै कक्षाकोठा बाहिरको व्यवहारका रुपमा मुख्य रुपमा विद्यालय सुचारु भएको समयमा पूरा समयावधीभर कक्षाकोठा भन्दा बाहिर, सहकर्मिहरु प्रति विद्यार्थीहरु प्रति, प्रधानअध्यापक वा प्राचार्य प्रति, अभिभावक प्रति, विद्यालय कर्मचारीहरु प्रति वा विद्यालयसँग सम्बद्ध त्यहाँ उपस्थित जो कोही प्रति आफ्नो पेशागत अनुशासनको दायरा भित्र रहेर उसले प्रदर्शन वा प्रकट गर्ने व्यवहार र क्रियाकलापहरुलाई अध्ययन गरियो । कक्षाकोठाभित्रको व्यवहार अध्ययन गर्न अध्यापन गरिरहेको समयमा कक्षाकोठाको प्रत्यक्ष अवलोकन गरियो ।

अवलोकन गर्दा अवलोकित शिक्षकलाई पूर्व जानकारी दिएर, निजको सल्लाह, सहमति र स्वीकृतिमा निजको कक्षाकोठा अवलोकन गरियो । कक्षाकोठाको अन्तिम बेञ्चमा विद्यार्थीहरु सामु बसेर तर संकलित तथ्यांकहरुलाई गोप्यरुपमा राख्दैं कुनै प्रतिक्रिया व्यक्त नगरी आफु विल्कुल निष्क्रिय बसेर अवलोकन कार्य सम्पन्न गरियो । तर के के कुराको अवलोकन गर्ने भनेर पूर्व निर्धारित एउटा अवलोकन फारामको ढाँचाको प्रयोग समेत गरिएको थियो । अवलोकन फारामको ढाँचा अनुसूची १० मादिइएको छ ।

अवलोकन गर्दा स्वीकृत व्यवहारको रुपमा सबै शिक्षकहरुले विद्यालय पोशाक लगाएको आकर्षक र उपयुक्त गेटअप भएको, प्रस्तुतीकरण मध्यम स्तरको रहेको, शैलीमा सामान्य रोचकता रहेको, धेरै झर्कोफर्को र रिसाउने नगरेको, व्यवहार र शैली शिष्ट र मर्यादित रहेको, पाठको सामान्य पुनरावलोकन प्रायः सबैले गरेको, समान व्यवहार र दृष्टिगोचर गरेको, सबैले सुन्ने गरी बोल्ने गरेको, यथासम्भव विषयवस्तु बुझाउने प्रयास गरेको, नबुझेर जिज्ञासा राख्दा झञ्झट  नमानी बुझाउने प्रयास गरेको देखियो ।

नकारात्मक व्यवहारको रुपमा कतिले पाठ शीर्षक, विषय नलेख्ने गरेको, पाठयोजना कसैले नबनाएको, शैक्षिक सामग्रीको प्रयोग नगरेको, सबै कुरा व्याख्यान विधिद्वारा मात्र स्पष्ट पार्न खोजेको, पार्टी नमेटी कक्षा छाडेको, विद्यार्थीहरुलाई अधिकांश शिक्षकले 'तँ' भनी सम्बोधन गरेको, सूचना प्रविधिको प्रयोग नगरेको, शिक्षक केन्द्रित शिक्षण गरेको, छलफल, अर्न्तक्रिया र दोहोरो संचारको स्थिति एकदम कमजोर रहेको पाइयो ।

कक्षाकोठा अवलोकनबाट प्राप्त सूचना, तथ्यांक वा जानकारीलाई थप प्रमाणीकरण गर्न र भरपर्दो छ वा छैन भनेर निर्क्यौल गर्न अथवा कक्षाकोठा अवलोकनबाट प्राप्त तथ्यांक र सुचनाहरुको विश्वसनीयता कायम गर्न प्रत्येक विद्यालयमा सहभागी शिक्षकहरुले अध्यापन गर्ने पाँचजना विद्यार्थीहरु छनोट गरी रुजुसूचीको प्रयोग समेत गरियो । यसबाटकेही थप र पहिलेकासँगमिल्दोजुल्दो जानकारी अथवा तथ्यांकहरु नै प्राप्त भए । यसबाट कुनै खास दिन (जस्तै अवलोकन गर्दाको दिन) मा शिक्षकहरुले के कस्ता व्यवहारहरु प्रदर्शन गरे भन्नुभन्दा पनि वर्षभरिमा उनीहरुले सामान्यतया के कस्ता व्यवहारहरु प्रदर्शन गर्ने गर्दछन भन्ने कुराको बढी भरपर्दो तस्वीर प्राप्त गर्ने अपेक्षाले रुजु सूचीको प्रयोग गरिएको थियो । रुजू सूचीको ढाँचा अनुसूची ११ मा दिइएको छ ।रुजुसूचीबाट ४३ वटा व्यवहारहरुमापन गर्ने प्रयास गरियो । व्यवहारको स्तरलाई अति राम्रो, राम्रो, सामान्य, नराम्रो गरी ४ खण्डमा बाँडिएको छ । तथ्यांकहरुलाई प्राकृतिक अवस्थामा नै अध्ययन गरी प्राप्त गर्न रुजुसूचीको प्रयोग गरिएको हो । रुजुसूचीको प्रयोगबाट मूलतः कस्तो जानकारी पाइयो भने शिक्षकहरुले पूरा समय पढाउने, सबैले सुन्ने गरी पढाउने गरेको, सबैले सुन्ने गरी पढाउने गरेको, बीच बीचमा प्रश्नहरु सोध्नेगरेको, गृहकार्य दिने, जाँच्ने र पृष्ठपोषण दिने गरेको, सबैलाई औसत स्तरको सामान्य र निष्पक्ष व्यवहार गर्ने गरेको, यदाकदा कसै कसैले हँसाउने र चुट्किलाहरुको प्रयोग गरी कक्षा रोचक बनाउने प्रयासगरेको, कक्षा रोचक बनाउने, पाटीमा पाठ शीर्षकलेख्ने, कक्षाकोठाको सबै भागमा पुग्ने, सबैलाई बराबर हेर्ने, पाठको सामान्य पुनरावलोकन गर्ने, विद्यालय पोशाक लगाउने, विद्यार्थीको हाजिरी बही अद्यावधिक राख्ने, यथासम्भव विषयवस्तुस्पष्ट

पार्न कोशिश गर्ने, विद्यार्थीहरुलाई सिक्न प्रेरित गर्ने गरेको जस्ता स्वीकृत र सकारात्मक व्यवहारहरु गरेका तथ्य प्राप्त भयो ।

तरकेही व्यवहारहरु गलत, अपर्याप्त र छुटेको समेत पाइयो जस्तै : दैनिक पाठयोजना नबनाउने, व्याख्यान विधिमात्र प्रयोग गर्ने, शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा उदासिनता देखाउने, कम्प्युटर तथा सूचना प्रविधिको प्रयोग नगर्ने, फिल्ड ट्रिप, परियोजना कार्य, अध्ययन भ्रमणमा रुचि नदेखाउने, कक्षा छाड्दा पाटी नमेटी छाड्ने, शिक्षणमा नवप्रवर्तकको प्रयोग नगर्ने, परीक्षाको संचालन, प्रश्नपत्र निर्माणर मूल्यांकनमा लापरवाही गर्ने, अभिभावकसम्पर्कलाई वेवास्ता गर्ने, कक्षामा छलफल र अर्न्तक्रियालाई लागुनगर्ने, एकतर्फी संचार गर्ने, भन्नाले आफूमात्र एकोहोरो बोलिरहने, शिक्षकले आफूलाई केन्द्रविन्दुमा राखी शिक्षण गर्ने, उमेरजन्य बालमनोविज्ञान र उपयुक्त सिकाई सिद्धान्तहरुको ख्याल नगर्ने जस्ता अस्वीकृत व्यवहारहरु समेत गर्ने गरेको पाइयो ।

यसरी कक्षाकोठा अवलोकन र रुजुसूचीको प्रयोगबाट प्राप्त तथ्यांक वा सूचनाहरु धेरै हदसम्ममिल्दोजुल्दो पाइयो ।

अर्कातिर दोस्रो भूगोल अर्थात कक्षाकोठा बाहिरको प्रदर्शित व्यवहार पत्ता लगाउन प्र.अ., वि.व्य.स.अध्यक्ष, पि.टि.ए. अध्यक्षहरुलाई प्रश्नावली र विद्यालयमा उपलब्ध डकुमेन्ट अध्ययन (क) को प्रयोग समेत गरियो । डकुमेन्टअध्ययनको ढाँचा 'क' अनुसूची १२ मा दिइएको छ ।

यस सन्दर्भमाशिक्षकहरु समयसम्म विद्यालयमा रहने, पूरा समय अध्यापन गर्ने, विद्यालय पोशाक लगाउने, स्टाफ मिटिंगमा बस्ने, विद्यालय प्रति सकारात्मक धारणा राख्ने, माथिल्लो शैक्षिक निकायले खटाएको काममा सहभागी बन्ने, विद्यार्थीहरुलाई आवश्यक मद्दत गर्ने, विद्यालय बाहिर समाजमा घट्नेशुभाशुभ कार्यहरुमा सहभागी बन्ने, अतिरिक्त जिम्मेवारी बहन गर्न तयार रहने, अतिरिक्त कृयाकलापमा सहभागिता जनाउने जस्ता स्वीकृत व्यवहारहरुको स्तर राम्रो नै पाइयो ।

तर शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्ने, सूचना प्रविधि र कम्प्युटरको प्रयोग गर्ने, परीक्षाको संचालन मर्यादित रुपमा गर्ने, उत्तरपुस्तिका परीक्षण र

नतीजा प्रकाशन सही समयमा सही ढंगले गर्ने, दैनिक पाठयोजना निर्माण गर्ने र अभिभावकलाई सम्पर्क गर्ने जस्ता सवालमा कमजोर स्थिति देखियो । विद्यालयको नीति, नियम र संस्कृति अनुकूलको व्यवहार गर्ने, एकअर्कालाई सम्मान गर्ने, मिलनसार रहने, विद्यार्थीहरु प्रति कक्षाकोठा बाहिर राम्रो सम्बन्ध राख्ने जस्ता कुराहरु राम्ररी नै अवलम्बन गरिएको पाइयो ।

तर सहभागी शिक्षकहरुमध्ये दुई, तीनजना देखि बाहेककसैले पनि आफ्नो विद्यालयमा आफना् छोराछोरीहरु नपढाईनीजि स्कुलमा पढाएको पाइयो । यसले उनीहरुको सामुदायिक विद्यालय प्रतिको सकारात्मक धारणा प्रति केही आशंका पैदा हुने स्थिति पाइयो ।

### ४.१.४ तथ्यांकको विश्लेषण र व्याख्या

माथि नै उल्लेख गरिसकिएको छ कि सहभागी शिक्षकहरुले प्रदर्शन गरेका व्यवहारहरुको मापन कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर दुईवटा भूगोलमा गरिएको थियो । कक्षाकोठाभित्रको व्यवहार अवलोकन गर्न एउटा अवलोकन फाराम तैयार गरी ३४ वटा व्यवहारहरुको टिपोट गरियो । गुणात्मक प्रकृतिका यी ३४ वटा तथ्यांकलाई जम्मा ३४×१५=५१० वटा संख्यात्मक रुपमा विश्लेषण गरी यसको गुणस्तर पत्ता लगाउन अवलोकन गर्नु अगाडि नै यस प्रकारको रेटिङ स्केल निर्माण गरियो ।

**तालिका १** : कक्षाकोठा अवलोकनको नतिजा

| सकारात्मक व्यवहारको संख्या | स्तर |
|---|---|
| ५१० मा ४०८ वा सो भन्दा बढी अथवा ८० प्रतिशत वा सोभन्दा बढी भएमा | अति उत्तम |
| ५१० मा ३०६ वासो भन्दा बढी अथवा ६० प्रतिशत वा सो भन्दा बढी भएमा | उत्तम |
| ५१० मा २०४ वा सोभन्दा बढी अथवा ४० प्रतिशत वा सो भन्दा बढी भएमा | सामान्य |
| ५१० मा २०४ भन्दा कम अथवा ४० प्रतिशत भन्दा कम भएमा | कमजोर |

एउटा शिक्षकको ३४ वटा व्यवहार भन्नाले १५ जना शिक्षकले ३४×१५=५१० वटा व्यवहारहरुलाई पूर्ण अंक मानियो। नतीजामा सकारात्मक व्यवहार ३३५ वटा पाइएकालेमाथिको रेटिङ स्केलका आधारमा कक्षाकोठा भित्र शिक्षकको पेशागत अनुशासनको स्तर उत्तम स्तरको देखियो ।

तर एक, दुई पटक झल्याकझुलुक हेरेको भरमा निकालिने निष्कर्ष तथ्यपरक र ययार्थ नहोला कि भनी निष्कर्षको सामान्यीकरणलाई मजबुत बनाउन कक्षाकोठाभित्र पेशागत अनुशासनको सन्दर्भमा शिक्षकले वर्षभरिमा प्रदर्शन गर्ने व्यवहारहरुको मापन गर्न रुजुसूचीको प्रयोग पनि गरियो । उक्त रुजुसूचीमा प्रत्येक शिक्षकको ४३ वटा व्यवहारहरुको मापन गर्ने प्रयास गरियो । एउटा शिक्षकका बारेमा निजले अध्यापन गर्ने ५ जना विद्यार्थीहरु माथि रुजुसूचीको प्रयोग गरियो । यसरी एउटा शिक्षकका बारेमा ४३×५=२१५ वटा प्रतिकृयाहरु गरेर जम्मा १५ जना शिक्षकहरुका बारेमा १५×२१५=३२२५ वटा प्रतिक्रियाहरु संकलन गरियो । यी गुणात्मक तथ्यांकलाईनिरन्तर धेरैजसो, कहिलकाँही  कहिल्यै पनि गरी चारवटा लहर अन्तर्गत संकलन गरियो । यसलाई तथ्यांकशास्त्रीय स्वरुप दिन निरन्तरले ‘अतिउत्तम’, धेरैजसोले ‘उत्तम’, कहिले काँहीले ‘सामान्य’ र ‘कहिल्यै पनि’ ले कमजोर स्तर देखाउने स्केल निर्धारण गरी प्रत्येक लहरमा परेका √ संकेतको संख्या गन्ती गरेर पेशागत अवस्थाको स्तरीकरण गरियो । प्रत्येक स्तरलाई प्रतिशतमा व्यक्त गरी नतीजालाई पाईचित्रमा प्रदर्शनगरियो । जो यसप्रकार छ :-


**तालिका २** : रुजु सूचीको स्थलगत नतीजा

| विद्यालयको नाम (संख्या) | अतिउत्तम | उत्तम | सामान्य | कमजोर |
|---|---|---|---|---|
| देवी उ.मा.वि. (२१५) | १०८ | ४५ | ५१ | ११ |
| भानु उ.मा.वि. (६४५) | ३४० | ६० | ११८ | ११७ |
| जनता उ.मा.वि. (६४५) | ३३८ | ५४ | १२० | १३३ |
| आदर्श उ.मा.वि. (६४५) | ३७३ | १३४ | १०३ | ३५ |
| बुद्ध आदर्श उ.मा.वि. (६४५) | ३४८ | ११३ | १२३ | ६१ |
| कालीस्थान मा.वि. (४३०) | १३२ | १७० | ९८ | ३० |
| जम्मा : ३२२५ | १६३९ | ५७६ | ६१३ | ३८७ |
| प्रतिशतांश (%) | ५१% | १८% | १९% | १२% |

माथिको तालिकामा विद्यालयको नामको पछाडि कोष्ठकमा दिइएको संख्या भन्नाले सहभागी शिक्षकहरुबाट प्राप्त प्रतिक्रियाहरुको संख्या भन्ने बुझ्नुपर्दछ । यस अन्तर्गत देवी उच्च माध्यमिक विद्यालयबाट एकजना, कालीस्थान माध्यमिक विद्यालयबाट दुईजना र बाँकी प्रत्येक विद्यालयहरुबाट तीनजना शिक्षकहरुको बारेमा अध्ययन गरिएको थियो । त्यसैले कोष्ठकभित्र दिइएका प्रतिक्रियाहरुको संख्या शिक्षकहरुको संख्या फरक परेकोले फरक फरक देखिएको हो साथै प्रतिशतांशको गणना गर्दा शुन्यान्त गरी गणना गरियो ।

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने समग्रमा कक्षकोठा भित्र शिक्षकको पेशागत अनुशासनको स्तर वा स्थिति ५१ प्रतिशत अतिउत्तम, १८ प्रतिशत उत्तम, १९ प्रतिशत सामान्य र बाँकी १२ प्रतिशत कमजोर प्रकृतिको देखियो । मुख्यतः आधुनिकतम शिक्षण विधि शैक्षिक सामग्रीको प्रयोग र सूचना प्रविधिको प्रयोगलाई साथै तालिमको स्थानान्तरणपर्याप्त मात्रामा वृद्धि गर्नुपर्ने देखिन्छ । पाईचित्रमा रुजुसूचीबाट प्राप्त कक्षाकोठाभित्र शिक्षकले प्रदर्शन गर्ने गरेका पेशागत अनुशासनसँग सम्बद्ध व्यवहार र क्रियाकलापको स्थिति वा स्तरलाई तल प्रस्तुत गरिएको छ ।

**चित्र नं. १** : कक्षाकोठाभित्र पेशागत अनुशासनको स्थिति




पाईचित्रको निर्माण गर्दा पेशागत अनुशासनको स्तरको प्रतिशतांश, कुल १०० प्रतिशत बराबर ३६० डिग्री मानिएको छ । त्यसअन्तर्गत प्रत्येक स्तरको डिग्री

मान निम्न बमोजिम पत्ता लगाई पाईचित्रको कोठाहरु अथवा खण्डहरु छुट्ट्याइएको छ ।

जस्तो $१००\% = ३६०^{\circ}$

$$१ \% = \left(\frac{३६०}{१००}\right)^{\circ}$$

$$५१\% = \left(\frac{३६०}{१००} \times ५१\right)^{\circ}$$

$$= १८३.६^{\circ}$$

$$= १८४^{\circ}$$ (शुन्यान्त गर्दा)

यसरी नै बाँकी स्तरहरुको गणना गरियो ।

अर्कातिर कक्षाकोठा बाहिरको व्यवहारहरु मापनका लागि प्र.अ.बाट प्रत्येक शिक्षकका २४ वटा व्यवहारहरु गरी

| | | |
|---|---|---|
| जम्मा | २४×१५ = | ३६० |
| वि.व्य.स.अध्यक्षबाट | १×१५= | १५ |
| पि.टि.ए.अध्यक्षबाट | १×१५= | १५ |
| **जम्मा** | | **३९०** |

कक्षाकोठा बाहिरको पेशागत अनुशासन सम्बन्धी व्यवहार र क्रियाकलापहरुको मापन गर्न २४ वटा व्यवहारहरु मापन गर्ने प्रयास गरियो । जसको मूल्यांकन सम्बन्धित प्रधानअध्यापक अथवा प्राचार्यले गरे । तिनलाई तालिका (क) र तालिका (ख) गरी २ वटा तालिकाहरुमा विभाजन गरी राखिएको छ । तालिका (क) मा ७ वटा व्यवहारहरु राखिए र मूल्याङ्कनका ४ वटा तहहरुकायम गरिए । प्रत्येक व्यवहारका लागि प्रधानाअध्यापक/प्राचार्यले सहभागी शिक्षकहरुको सम्बन्धमा प्रत्येक व्यवहारका लागि एउटा तहमा √ चिन्ह लगाउनुपर्ने हुन्थ्यो । सहभागी शिक्षकहरुको मर्यादा, गोपनीयता र प्रतिष्ठालाई

सुरक्षित राख्न अध्ययनकर्तालाई प्रधानअध्यापकले अथवा प्राचार्यले मूल्याङ्कन गरिएको शिक्षकको नाम बताउनु नपर्ने प्रावधान राखियो । एउटै तालिकामा आफ्नो विद्यालयबाट सहभागी हुने शिक्षकहरुको व्यवहारका बारेमा प्र.अ.ले √ चिन्हले संकेत गर्न सक्ने प्रक्रिया अपनाइयो ।

त्यस्तै तालिका (ख) मा १७ वटा व्यवहारहरु राखिएका छन् तर यसमा मूल्याङ्कनका तहहरुको संकेत अर्कै प्रकारले गरिएको छ । जस्तो कि निरन्तरले 'अतिउत्तम', धेरै जसोले 'उत्तम', कहिलेकाहिले 'सामान्य/औसत' र कहिलेपनिले 'कमजोर' स्थिति जनाउँदछ ।

अझ मसिनो गरी यहाँ के बुझ्न जरुरी छ भने जस्तो निरन्तर भन्नाले हप्तामा कति दिन, धेरै जसो भन्नाले कति दिन, कहिलेकाही भन्नाले कतिदिन र कहिलेपनि भन्नाले कतिदिन बुझिन्छ भन्ने अलमल रहन सक्छ । जस्तो कि हप्तामा ६ दिन विद्यालय लाग्यो तर एकदिन विद्यालय पोशाक नलगाउँदा पनि हुन्छ भनेर मानौं विद्यालयले नियम बनाएको रहेछ भने उसले उक्त दिन बाहेक ५ दिन पोशाक लगाएको भए त्यो निरन्तर मानिन्छ । त्यस्तै ५ दिनमा कुनै कुनै दिन विद्यालय पोशाक नलगाए त्यो धेरैजसो मानिन्छ भने ५ दिनमा कुनै कुनै दिन विद्यालय पोशाक लगाएको रहेछ भने त्यसलाई कहिलेकाँही मानिन्छ तर कहिले पनिको अर्थ नकारात्मक रहन्छ । यसको अर्थ शुन्य अथवा कुनै दिन पनि विद्यालय पोशाक नलगाएको बुझिन्छ । अन्य व्यवहारहरुका सम्बन्धमा पनि यही मापदण्डलागु गरियो ।

यसरी निरन्तरले १०० प्रतिशत र कहिलेपनिले ० प्रतिशत कार्यसम्पादनलाई संकेत गर्दछ ।

यसका अतिरिक्त विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अभिभावक शिक्षक संघका अध्यक्षले दिनुभएको (प्रत्येक शिक्षकको बारेमा)एउटा प्रतिक्रियालाई पनि सामेल गरिएको छ ।

तर माथिको गणनामा डकुमेन्ट अध्ययनको ढाँचा (क) बाट प्राप्त जानकारी, सूचना वा तथ्याङ्कलाई संख्यात्मक स्वरुपमा परिणत गरी (भन्नाले त्यसको रेटिङ

स्केल कायम गरी) समावेश गर्ने काम गरिएको छैन । डकुमेन्ट अध्ययनको ढाँचा (क) मा २ वटा व्यवहारहरुको मापन गर्ने प्रयास गरिएको छ ।

एक - विद्यालयमा उक्त शिक्षकको नियमितताको स्थिति

दुई - विद्यालयमा उसले बहन गरेको अतिरिक्त जिम्मेवारीको स्थिति

यी कुराहरु तालिका (क) र तालिका (ख) मा अगाडि नै आइसकेका छन् । त्यसकारण उक्त व्यवहारहरुको विश्वसनीयता कायम गर्न वा निश्चित गर्न मात्र यस ढाँचाको प्रयोग गरिएकाले यसबाट प्राप्त तथ्यांकलाई संख्यात्मक रुपमा परिणत गरी माथिको गणनामा समावेश गरिएको छैन ।

माथि तालिका २ अन्तर्गतको रुजुसूचीको सन्दर्भमा पनि स्तरीकरण र मूल्याङ्कनका तहहरु निर्धारण गर्न यही प्रक्रिया अपनाइएको छ । त्यहाँ रुजुसूचीको प्रयोग गर्दा रुजुसूची फाराममा सहभागी शिक्षकहरुको नाम, उत्तरदाता विद्यार्थीहरुले अनुसन्धानकर्तालाई बताउनु नपर्ने व्यवस्था गरिएको थियो । निर्भिक भई विद्यार्थीहरुले आफ्ना शिक्षकका बारेमा प्रतिक्रिया व्यक्त गर्न सकुन् भनेर त्यसो गरिएको थियो । तर यसो गर्न प्रधानअध्यापक र सम्बन्धित शिक्षकलाई पूर्व जानकारी दिइएको थियो र उनीहरुको सहमति र स्वीकृतिमा विद्यार्थीहरु माथि रुजुसूचीको प्रयोग गरिएको थियो ।


जम्मा३९० वटा व्यवहारहरु संकलित गरियो जसको नतीजा यसप्रकार रह्यो ।

**तालिका ३**:कक्षाकोठा बाहिरको व्यवहार देखाउने तालिका

| **स्तर** | **व्यवहारहरुको संख्या** | **प्रतिशतांश** |
|---|---|---|
| अतिउत्तम | ११७ | ३०% |
| उत्तम | १५६ | ४०% |
| सामान्य | ७८ | २०% |
| कमजोर | ३९ | १०% |


माथिका तालिकाबाट के प्रष्ट हुन्छ भने समग्रमा कक्षाकोठा बाहिर शिक्षकको पेशागत अनुशासनको स्तर ३० प्रतिशत अति उत्तम, ४० प्रतिशत उत्तम, २० प्रतिशत सामान्य र १० प्रतिशत कमजोर देखिन्छ ।

**चित्र नं**. २, कक्षाकोठा बाहिर शिक्षकको पेशागत अनुशासनको स्थिति देखाउने पाईचित्र




कक्षाकोठा भित्र र कक्षाकोठा बाहिर शिक्षकको पेशागत अनुशासनको स्थितिलाई निम्न बमोजिम स्तम्भचित्रमा क्रमशः क्याटेगोरी १ र क्याटेगोरी २ अन्तर्गत प्रस्तुत गरिएको छ ।

**चित्र ३**, स्तम्भ चित्र




माथिको स्तम्भचित्रमा क्याटगोरी १ ले शिक्षकको कक्षाकोठा भित्रको पेशागत अनुशासनको चार स्तरहरुलाई संकेत गरेको छ भने क्याटगोरी २ ले शिक्षकको कक्षाकोठा बाहिरको पेशागत अनुशासनको चार स्तरलाई संकेत गरेको छ ।

देब्रेबाट दाहिने तर्फ क्रमशः अतिउत्तम, उत्तम, सामान्य र कमजोर स्तम्भहरु देखाउने गरी तिनको निर्माण गरिएको छ ।

यसलाई सम्भव भएसम्म समाधान गरी एउटा ठोस मूल्याङ्कन गर्ने अवस्था पुग्न यस अनुसन्धानमा प्राप्त गुणाङ्क तथ्यांकलाई निश्चित मापदण्ड तयार गरी सो का आधारमा संख्यात्मक तथ्यांकमा परिणत गरी तीनको तथ्यांकशास्त्रीय विश्लेषण गर्ने कार्य सम्पन्न भएको छ । विश्लेषित तथ्यांकलाई तालिका, पाईचित्र र स्तम्भचित्रमा प्रदर्शन गरिएको छ ।

## ४.२ माध्यमिक विद्यालय तहका शिक्षकको पेशागत अनुशासनमा प्रभाव पार्ने तत्वहरु

यस सन्दर्भमा सम्बन्धित विद्यालयका प्रधानअध्यापक, सहभागि शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र अभिभावक शिक्षक संघका अध्यक्षहरुलाई प्रश्नावली मार्फत माध्यमिक विद्यालय तहको शिक्षकहरुको पेशागत अनुशासनमा प्रभाव पार्ने तत्वहरु के के हुन् भनी जिज्ञासा राख्दा उनीहरुले यस्तो प्रतिक्रिया दिए ।

माध्यमिक विद्यालय तहका शिक्षकको पेशागत अनुशासनमा प्रभाव पार्ने दुई प्रकारका तत्वहरु छन् ।

१. आन्तरिक तत्व

मानिसका व्यवहार, गतिविधि र क्रियाकलापहरुलाई मानिसले अवलम्बन गरेको विचार जीवनदर्शन र दृष्टिकोणले प्रभाव पारेको हुन्छ र नियन्त्रण गरेको हुन्छ । कुनैपनि विषयवस्तुप्रति उसको दृष्टिकोण सकारात्मक भए त्यसप्रति उसले सकारात्मकव्यवहार र क्रियाकलापहरु नै प्रदर्शन गर्ने गर्दछ । जस्तो कि शिक्षण पेशा प्रतिको उसको दृष्टिकोण सकारात्मक भए पेशागत अनुशासन पनि समुन्नत स्तरको हुन्छ तर शिक्षण पेशा प्रतिको उसको दृष्टिकोण नकारात्मक भए पेशागत अनुशासनको स्थिति पनि कमजोर नै रहन्छ । त्यसकारण पेशागत अनुशासनमा प्रभाव पार्ने प्रमुख कारकतत्व भनेकै व्यक्तिले उक्त पेशाप्रति अपनाएको दृष्टिकोण नै हो र यसैलाई आन्तरिक कारकतत्वको रुपमा लिन सकिन्छ भनी उनीहरुले लिखित प्रतिक्रिया र सहभागी शिक्षकहरुले अन्तर्वार्ताको क्रममा समेत यस्तै प्रतिक्रियाहरु मौखिक रुपमा व्यक्त गरे ।

२. बाह्य तत्व

बाह्य तत्व अन्तर्गत प्रलोभन र कार्यसन्तृष्टि नै कारकतत्वहरु हुन् भनी प्रतिक्रियादाताहरुले प्रतिक्रिया दिए । उनीहरुले के बताए भने कुनै पनि पेशा आर्थिक, सामाजिक र चारित्रिक तीनै प्रकारले मर्यादित र समुन्नत हुनुपर्दछ । त्यसका लागिआकर्षक सेवा, सुविधाहरु, वृत्ति विकासका अवसरहरु, सामाजिक मानसम्मान र सकारात्मक दृष्टिकोणअन्य पक्षहरुबाट उपलब्ध गराइने आवश्यक उत्प्रेरणा जस्ता कुराहरुले कुनै पेशामा आबद्ध व्यक्तिको नैतिकता र जिम्मेवारीपनलाई सुदृढर विकसित बनाउने गर्दछ । फलस्वरुप उसमा उच्च मनोबल र सकारात्मक दृष्टिकोणको विकास हुन पुग्दछ । तसर्थ माथि उल्लेखित तत्वहरुलाई नै शिक्षकको सन्दर्भमा पनि जोड्न सकिन्छ र तिनैलाई उनीहरुको पेशागत अनुशासनमा प्रभाव पार्ने बाह्य कारकतत्वको रुपमा लिन सकिन्छ भनी उनीहरुले प्रतिक्रिया दिए ।

## ४.३माध्यमिक विद्यालय तहका शिक्षकहरुको पेशागत अनुशासनमा समस्या उत्पन्न हुने कारणहरु

माथि यसै परिच्छेद अन्तर्गतशिक्षकहरुले कक्षाकोठा भित्र अध्ययन गरिरहेका समयमा प्रर्दशन गरेका व्यवहार र क्रियाकलापहरुका साथै कक्षाकोठा बाहिर मुख्यतः विद्यालय परिसर भित्र प्रदर्शन गरेका व्यवहार र क्रियाकलापहरुको विश्लेषण र व्याख्या गर्ने क्रममा पेशागत अनुशासनमा कमजोरी वा समस्याहरु उत्पन्न हुने कारणहरु के के छन्?यस सन्दर्भमा अध्ययन गरिएका सहभागि शिक्षकहरु माथि प्रश्नावली र अन्तर्वार्ताको प्रयोग गरियो भने प्रधानअध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र अभिभावक शिक्षक संघका अध्यक्षहरु माथि प्रश्नावली प्रयोग गरेर साथै अनुसुची १३ मा दिइएको डकुमेन्ट अध्ययनको ढाँचा (ख) को प्रयोग गरेर शिक्षकहरुको पेशागत अनुशासनमा माथिका समस्याहरु किन भए त त्यसका कारणहरु बारे जिज्ञासा राख्दा उनीहरुबाट तथ्यांक, सुचना वा जानकारीहरु जे जस्ता प्राप्त भए तिनलाई दुई वर्गमा यसरी उल्लेख गर्न सकिन्छ ।

(क) आन्तरिक कारण (शिक्षक स्वयंको कारणले)

शिक्षक आफैले समस्या उत्पन्न किन र कसरी गरे त ?त्यसको कारण खोजी गर्दा विविध शिक्षकहरुबाट विविध प्रकारको समस्याहरु उत्पन्न भएको तथ्य प्राप्त भए । छरपस्ट रुपमा प्राप्त भएका ति सम्पूर्ण तथ्यांकहरुलाई घटाउने, हटाउने, क्याटगोरीमा राख्ने, तथ्यांक

प्रदर्शन गर्ने र निष्कर्ष निकाल्ने जस्ता गुणात्मक तथ्यांक विश्लेषणका आधारभूत चरणहरु अवलम्बन गर्दा प्राप्त भएका प्रतिक्रियाहरुलाई मुलरुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

(१)शिक्षकको पेशागत भूमिकामा अस्पष्टता

बालकलाई सिकाई गराउनमा शिक्षकको भूमिका कस्तो हुनुपर्दछ भनि सोधिएको प्रश्नावलीमा केहि शिक्षकहरुले सिकाई कार्यमा शिक्षक मुख्य व्यक्ति हो । उ मोडेल हो, उसले सक्रियतापूर्वक सम्पूर्ण विद्यार्थीलाई आफूमा केन्द्रित गरी शिक्षण गर्नुपर्दछ भनी बताए । कसैले सहयोगी, सहजकर्ता, उर्जाशिल, महत्त्वपूर्ण, पथप्रदर्शक, विषय र लक्ष्य उन्मुख, सल्लाहकार, नेतृत्वकर्ता र अभिभावकिय भूमिका हुनुपर्दछ भनी बताएका छन् । कसै कसैले चाही बालकहरुलाई शारीरिक र मानसिक दण्ड पनि आवश्यकता अनुसार दिइनु पर्दछ भनी बताए । कसैले चाहि बालकलाई सिक्नको लागि आवश्यक वातावरण सिर्जना गरिदिनुपर्ने जिम्मेवारी बोकेको सहजकर्ताको भूमिका शिक्षकको हुनुपर्दछ भनी बताए । कसैले चाँही शिक्षकको भूमिका अभिभावकको जस्तो नभएर साथीको जस्तो हुनुपर्ने भनी बताए । शिक्षकको भूमिका दण्ड केन्द्रित नभएर सुधार केन्द्रित हुनुपर्ने भनेर पनि एकजना शिक्षकले प्रतिक्रिया दिए ।

(२) अध्ययनशिलताको कमी

सहभागी शिक्षकहरुलाई 'आफ्नो पेशामा अद्यावधिक रहन के कस्ता कार्यहरु गर्ने गर्नुहुन्छ ?' - भनी प्रश्नावली मार्फत जिज्ञासा राखियो । त्यस्तै अन्तर्वार्ता मार्फत 'कतिको व्यस्त रहनुहुन्छ ? कसरी व्यस्त रहनुहुन्छ ?' - भनी सोधनी गर्दा अधिकांश शिक्षकहरुले घरायसी काममा व्यस्त रहिन्छ, १०:००-४:०० बजेको समय बाहिर चाहेर पनि बालबालिकाको पढाईको सन्दर्भमा सोच्ने समय नहुने बताए । शिक्षा क्षेत्रमा देखा परेका, शिक्षण विधि र क्रियाकलापहरुका बारेमा देखा परेका नयाँ नयाँ ज्ञान, सुचना र प्रविधिहरुको अध्ययन गर्ने फुर्सद नभएको तर यदाकदा पत्रपत्रिका र शिक्षक मासिक पत्रिका हेर्ने र अध्ययन गर्ने गरेको उनीहरुले बताए । आफ्नो व्यक्तिगत सेवा, शर्त र सुविधाहरुको बारेमा प्रकाशित लेख, रचना र सुचनाहरुको चाही सबैले पर्याप्त अध्ययन गर्ने गरेको र त्यस सन्दर्भमा चाँही ताजा जानकारी हासिल गर्ने गरेको उनीहरुले बताए । तर केही शिक्षकहरु चाँही शिक्षक

मासिक पत्रिकाको नियमित ग्राहक भएको र उक्त शैक्षिक मासिक पत्रिकाको नियमित अध्ययन गर्ने गरेको पाइयो । शिक्षा क्षेत्रमा भइरहेका नयाँ नयाँ खोज र अनुसन्धानात्मक कार्य, ज्ञान र सुचनाहरुको पर्याप्त अध्ययन चाँही नगरेको पाइयो

(३) नव प्रवर्तनको कमी

यस सन्दर्भमा प्रश्नावली र अन्तर्वार्ता भन्दा पनि सहभागि शिक्षकहरुका बारेमा उनीहरुले अध्यापन गर्ने विद्यार्थीहरु माथि रुजु सूचीको प्रयोग गरेर तथ्यांक संकलन गरियो साथै कक्षाकोठाको प्रत्यक्ष अवलोकन गरेर पनि थप र तिनै सुचनाहरुको संकलन गर्दा के पाइयो भने वर्षौ पुरानो पाठ्यक्रम र पाठ्यपुस्तकलाई नै साध्य ठानी त्यसैमा मात्र सिमित रहेर एक इञ्च पनि दायाँबायाँ नगरी कोर्स समाप्त गर्ने कार्यलाई मात्र मुख्य प्राथमिकतामा राखी अध्यापन गर्ने गरेको पाइयो । शिक्षणविधिमा पनि पुरानै र परम्परागत चक, डस्टर, पाटी विधि नै प्रयोग गरेको पाइयो । अधिकांश विद्यालयमा कालोपाटिको सट्टा बोर्ड मार्कर र सेतोपाटिको प्रयोग गरेको पाइयो । शिक्षण विधिमा व्याख्यान विधिलाई प्रमुख रुपमा प्रयोग गरेको पाइयो । शिक्षण सिकाईमा आधुनिकतम् विधिहरु जस्तै प्रदर्शन विधि, छलफल विधि, प्रयोगात्मक विधि, प्रोजेक्टर विधि, फिल्ड ट्रिप विधिको प्रयोग गरेको पाइएन । प्रायः सबै विद्यालयमा कम्तिमा एक दुईवटा डेस्कटप कम्प्युटरहरु राखेको पाइयो तर कम्प्युटर र सुचना प्रविधिको प्रयोग कक्षाकोठाभित्र शिक्षकहरुले प्रयोगमा ल्याएको पाइएन । नयाँ नयाँ ढंगले अध्यापन गर्न सघाउ पुऱ्याउने शैक्षिक सामग्रीहरुको निर्माण गरी प्रयोग गर्ने गरेको कुनैपनि विद्यालयमा पाइएन ।

(४) अद्यावधिकिकरणको कमी

अध्ययनशिलताको कमिले र नवप्रवर्तन (सिर्जनात्मक नयाँ प्रयोग) को कमिले शिक्षकहरु आफ्नो पेशागत भूमिकामा पर्याप्त मात्रामा अपडेट रहन सकेको पाइएन । सबै शिक्षकहरुको बाँकी सेवा अवधि १० वर्षभन्दा बढि भएको मेरो अध्ययन क्षेत्रका शिक्षकहरुको सन्दर्भमा तथ्यांक प्राप्त भयो ।

(५) राजनीति प्रतिको लगाव

देशको राजनीतिक अवस्था प्रति सबै सहभागि शिक्षँकहरु पर्याप्त रुपमा जानकार रहेको पाइयो । आ-आफ्नो पेशागत संगठनहरु (शिक्षक संघ र संगठनहरु)

का माध्यमबाट आ-आफ्नो राजनीतिक दल र आस्था प्रति सबैले नै सामान्य झुकाव राखेको उनीहरुले बताए । पठनपाठनबिग्रनुको मुख्य कारण देशको राजनीतिक अवस्था र विद्यालय भित्रको दलीय चलखेल हो भनी सबै शिक्षकहरुले बताए । केही शिक्षकहरु आफ्ना पेशागत संघसंगठन मार्फत राजनीतिक भेला, सभा समारोह र विविध कार्यक्रमहरुमा कोही कोहीबेला अलिक बढि नै सक्रिय रहँदा यसले बालबालिकाको पठनपाठनमा केही नकारात्मक असर पुऱ्याएको तथ्य अध्ययनको क्रममा प्राप्त भयो । तर यस सन्दर्भमा यही कारणले पढाइ र सिकाई क्रियाकलाप पुरै बर्बाद भएको चाँही देखिएन ।

(६) बाह्य चासो

विद्यालय समय भन्दा बाहिरको समयमा भन्नालेबिहान १०:०० बजेभन्दा अगाडि र बेलुका ४:०० बजेभन्दा पछाडिको समयमा शिक्षकहरु आ-आफ्नै घर व्यवहार, निजि व्यवसाय, गतिविधि र क्रियाकलापहरुमा व्यस्त रहने गरेको सहभागि शिक्षकहरुले बताए । तर विद्यालय समय भित्र पनि उनीहरुको त्यस्तो खाले व्यस्तताको असर केहीमात्रामा देखिएको विद्यार्थीहरुले बताए । जस्तै : आफ्नो नीजि व्यस्तताको प्रसंगहरुको बारेमा पठनपाठनका समयमा चर्चा गरी समयको दुरुपयोग गर्ने, यसो गरेको थिए, यता गएको थिए, यति घाटा भयो, यति नाफा भयो जस्ता कुराहरु अनौपचारिक रुपमा कहिलेकाहि शिक्षकहरुले कक्षाकोठाभित्र पठनपाठनको समयमा चर्चा गर्दा पढाई कम हुने गरेको विद्यार्थीहरुले बताए ।

(७) दोहोरो मापदण्ड

प्रधानअध्यापकसँगको प्रश्नावलीको प्रयोग, विद्यालयको डकुमेन्ट र स्वयम् शिक्षकहरुको अन्तर्वार्ता मार्फत उनीहरुले आफ्नो विद्यालयको पढाई राम्रो छ, छोराछोरीहरुलाई हाम्रो विद्यालयमा पढ्न पठाइदिनुहोस्, विद्यालयको वातावरण पहिलेभन्दा सुध्रिएको छ । हामिले सुधारेका छौं, सुविधा वृद्धि गरेका छौं, तपाईहरुका छोराछोरीहरु हाम्रा पनि छोराछोरीहरुहुन्, उनीहरुको पढाई प्रंति हामि गम्भिर र जिम्मेवार रहनेछौं। हामिहरुमा यस अघि कुनै कमि-कमजोरीहरु रहन गएका भए तिनलाई आगामी दिनहरुमा सच्याएर लैजाने छौं भनी बाचा कबोल गर्दै शैक्षिक सत्रको सुरुमा विद्यार्थी भर्ना अभियानको नेतृत्व गर्दै अध्ययन गरिएका सबै

शिक्षकहरु गाउँ डुल्ने गरेको पाइयो । तर एकजना शिक्षक बाहेक कसैले पनि आफ्ना छोराछोरीहरुलाई विगतमा र अहिले पनि सरकारी/सामुदायिक विद्यालयमा पढाएको पाइएन र एकजना शिक्षक अविवाहित पाइयो । किन यस्तो भनाई र गराइमा अन्तर भनी प्रश्न गर्दा घुमाउरो भाषामा विद्यार्थी भर्ना गर्नलाई त त्यसो भन्नै पऱ्यो नि । त्यो त विद्यालय प्रशासनले अह्राए पछि विद्यालय समयभित्र गरेको औपचारिक ड्युटि मात्र हो भन्ने आशय प्रकट गरेको पाइयो । अन्तर्वार्ताको क्रममा आफ्नो विद्यालयमा पढाई राम्रो नभएर राम्रो शिक्षाका लागिप्राइभेट र बोर्डिङ स्कुलमा पढाएको उनीहरुले बताए ।

यसरी आफ्नो विद्यालय प्रति हेर्ने दृष्टिकोण सकारात्मक नभएको र यस सन्दर्भमा उनीहरुले दोहोरो मापदण्ड अवलम्बन गर्ने गरेको पाइयो ।

(८) उच्चताभाष

दैनिक पाठयोजना बनाएर किन नपढाउने गर्नुभएको?शैक्षिक सामग्रीको प्रयोग किन नगर्नुभएको?किन व्याख्यान विधिमात्र प्रयोग गर्ने गर्नुहुन्छ ? भनी प्रश्न गर्दा प्रायः सबैले पाठयोजना आफ्नो दिमागमा नै टेप भएर बसेको, वर्षौदेखि एउटै विषयवस्तु पढाईरहँदा यसका बारेमा आफुलाई सबै कुरा थाहा भएको कुन समयमा कुन विषयवस्तु के कति पढाउनु पर्ने हो भन्ने बारेमा आफुलाई पुर्ण जानकारी रहने हुँदा र कक्षा रुटिनमा हरेक वर्ष सोही विषय दोहोरिने हुँदा पाठयोजनाको औपचारिकता पुरा गर्ने नगरेको उनीहरुले बताए ।

अमुक विद्यार्थीहरुलाई मात्र नभएर उसको काका, बाबु, आमा, दाजुलाई समेत पढाएको के सिकाउँछस् मलाई भन्ने जस्ता व्यवहारहरु यदाकदा कुनै कुनै शिक्षकहरुले विद्यार्थी सामु प्रदर्शन गर्ने गरेको केही सहभागी विद्यार्थीहरुले अनौपचारिक रुपमा बताए ।

कम्तिमा आफ्नो स्रोतकेन्द्र भित्रका विषय मिल्दा सहपाठि शिक्षकहरुसँग आफु अस्पष्ट भएको कुनै खास पाठयांश वा विषयवस्तुहरुको बारेमा कुनै छलफल र अर्न्तक्रिया गर्ने गर्नुभएको छ भनी अन्तर्वार्ताको क्रममा प्रश्न राख्दा प्रायः सबै शिक्षकहरुले त्यसको आवश्यकता अहिलेसम्म महशुस नगरेको बताए । यसबाट उनीहरुमा केही हदसम्म उच्चताभाष देखियो । आफ्नो अतिरिक्त योग्यता अथवा

माथिल्लो योग्यता रहेको अधिकांश शिक्षकहरुले बताए र त्यो सही रहेको पनि डकुमेन्ट अध्ययनबाट प्रमाणित समेत भयो । त्यसैले उनीहरुले नियुक्ति पाएको तहभन्दा माथिल्ला तहका कक्षाहरुमा बढिअभिरुची राख्ने गरेको उनीहरुले बताए । माथिल्लो कक्षामा पढाउन लोभलालच गर्ने, त्यतातिरमात्र बढि समय र ध्यान केन्द्रित गर्ने, गरेको पाइयो । मेरो अध्ययन क्षेत्रकाछ वटा विद्यालयहरु मध्ये कालीस्थान माध्यमिक विद्यालयलाई छाडेर पाँछवटा विद्यालयहरु उच्च मा.वि.रहेको र अधिकांशले उच्च मा.वि.तहका कक्षाहरुमा अर्कै विषयको पठन-पाठनमा बढि ध्यान दिने गरेको, अझ अगाडि केहिले चाँही क्याम्पस (महाविद्यालय) मा समेत पढाउने गरेको उनीहरुले बताए । तर आफुले नियुक्ति पाएका कक्षाहरुमा कम ध्यान दिने गरेको केहि हदसम्म देखियो ।

(९) मोबाइल फोयिबा

प्रधानअध्यापक माथिको प्रश्नावली र विद्यार्थीहरु माथि प्रयोग गरिएको रुजु सुचीबाट के तथ्य प्राप्त भयो भने हालसालका दिनहरुमा सहभागि शिक्षकहरु मध्ये प्राय: सबैले पठनपाठनका समयमा समेत मोबाइल फोनको अत्याधिक प्रयोग गर्ने, विभिन्न सामाजिक सञ्जालहरुमा व्यस्त रहने प्रवृत्ति तिब्र रुपमा रहेका छन् । कक्षाकोठा भित्र किताब खोलेर आफै पढ भन्ने पाटिमा केहि लेखेर सार भन्ने परीक्षा हलभित्र समेत फेसबुक चलाइरहने प्रवृत्ति क्रमश: बढ्दै गएको विद्यार्थीहरुले बताए । यसरी मोबाइल फोन प्रतिको आशक्तिले पढाईमा असर परेको प्रधानअध्यापक र विद्यार्थीहरुले बताए ।

यसरी शिक्षकको आफ्नै स्वभावजन्य दृष्किोणजन्य र व्यवहारजन्य कमिकमजोरीहरुले शिक्षकहरुको पेशागत अनुशासनमा समस्याहरु उत्पन्न गरेको देखिन्छ ।

(ख) बाह्य कारण (शिक्षक स्वयम् बाहेक अन्य कारणहरुले)

अनुसन्धानको क्रममा खासगरी शिक्षक प्रश्नावली, अर्न्तवार्ता र डकुमेन्ट अध्ययनको ढाँचा 'ख' बाट शिक्षकको पेशागत अनुशासनमा समस्याहरु पैदा गर्ने केही बाह्य कारणहरु समेत देखिए जसलाई बूँदागत रुपमा तल उल्लेख गरिएको छ ।

(१) प्र.अ.को व्यवहार

प्र.अ.को पक्षपातपूर्ण, पूर्वाग्रही, अमर्यादित, भेदभावपूर्ण दुर्व्यवहार, अदृश्य पीडादायक व्यवहार र क्रियाकलापहरुको साथै दण्डकेन्द्रित मानसिकताको कारणले पनि आफ्ना पेशागत अनुशासनमा समस्या उत्पन्न भएको कतिपयसहभागि शिक्षकहरुले बताए । तर आफ्नो प्रधानअध्यापकहरुले त्यसो नगरेको वा गर्न नचाहेको गुनासोहरु पनि कतिपय सहभागी शिक्षकहरुले अर्न्तवार्ताको क्रममा व्यक्त गरेको पाइयो ।

प्रधानअध्यापकले सबैलाई समान र सम्मानजनक व्यवहार गर्ने नगरेको, सुधार केन्द्रित भन्दा दण्ड केन्द्रित (Punishing rather than correcting) मानसिकता बोकेर प्रशासन चलाउने गरेको, विद्यालयमा दुई, चारजनाको गुट बनाई उक्त गुटबाट अदृष्य रुपमा संचालित हुने गरेको, गलत निर्णय र व्यवहारलाई पनि आफ्नो प्रतिष्ठासँग गासेर त्यसलाई इगो बनाउने गरेको कामको आधारमा नभई नामको आधारमा मूल्याङ्कन गर्ने गरेको गुनासाहरु पनि अर्न्तवार्ताको क्रममा केही सहभागी शिक्षकहरुले व्यक्त गरेको पाइयो । आफ्ना मातहतका व्यक्तिहरु(Staff)प्रति सुमधुर, घनिष्ट, मित्रतापूर्ण र सन्तुलित व्यवहार गर्ने कुरामा प्रधानअध्यापक अथवा प्राचार्य चुक्ने गरेको घटनाले शिक्षकहरुको मनोबल कहिलकाही गिर्ने गरेको, अपमानित र दमित मानसिकतामा बेलाबखत काम गर्नु परेको अवस्थाले पेशागत रुपमा अनुशासित भई काम गर्ने जाँगर कम हुने गरेको पनि सहभागी शिक्षकहरुले बताए ।

(२) कमजोर मनोबल

प्र.अ.को फुटाऊ र शासन गर भन्ने प्रकृतिको अपमानजनक व्यवहार, कार्य सम्पादन मूल्यांकनमा अन्याय, अपर्याप्त तलब सुविधा, तालिम, विदेश भ्रमण अध्ययन सुविधा र यस्तै अन्य वृति विकासका अवसरहरुबाट वञ्चित रहनुपर्ने, व्यवस्थापन समितिको इगोको सिकार हुनुपर्ने, आफूभन्दा अयोग्यको अधीनमा रहेर काम गर्नुपर्ने, पायक पर्ने स्थानमा सरुवा भई जाँदात्यसमा डरलाग्दो रकमको चलखेल हुने, विद्यालय भित्रको दलीय दाउपेच, खिचातानी जस्ता व्यवहार र क्रियाकलापले धेरै शिक्षकहरु असन्तृष्ट रहेको पाइयो । कार्य सन्तृष्टि

नभएपछि मनोबलगिर्छ, मनोबलगिरेपछि अनुशासन पनि गिर्ने गरेको उनीहरुले बताए ।

मेरो अध्ययन क्षेत्रमा अदृष्यरुपमा यस्ता केही समस्याहरु रहेको कुरा केही सहभागी शिक्षकहरुले बताए । हुनतः शिक्षकहरुको यो दोष जति अर्कामाथि पन्छाई आफ्नो कमजोरी लुकाउने बहाना पनि हुनसक्छ तर अध्ययनको क्रममा प्राप्त तथ्यांकहरुले उनीहरुले व्यक्त गरेको प्रतिक्रियामा केही सत्यतालाईसंकेत गरेको पाइयो ।

(३) आर्थिक कारण

सूचना प्रविधि र शैक्षिक सामग्रीको प्रयोग भयो किभएन ?भन्ने सन्दर्भमा सहभागी शिक्षक मित्रहरुले यसको व्यवस्था विद्यालयले गर्नुपर्ने तर स्रोत र साधन अनि आर्थिक विपन्नताको कारणले विद्यालयले त्यसो गर्न नसकेको बताए । तर त्यसो गर्नुचाही अवश्य पर्दछ, युग सुहाउँदो शिक्षा दिनै पर्दछ भन्ने सकारात्मक सोच चाँही सबै शिक्षकहरुमा समानरुपले नै जागृत भएको पाइयो । व्यावहारिक रुपमा नभए पनि अवधारणागत र मानसिक रुपमा सिकाईमा अधावधिकीकरणकालागिउनीहरु तैयार रहेको पाइयो । प्रविधि सिकेर त्यसलाई कक्षाकोठाभित्र प्रयोग गर्न इच्छुक रहेको पाइयो । यसरी पेशागत अनुशासनमा समस्या उत्पन्न हुनुमा आर्थिक कारण रहेको उनीहरु बताए ।

(४) समयको अभाव

घरायसी व्यस्तताका कारणले समयको अभाव रहने र शैक्षिक सामग्रीको निर्माण र प्रविधि सिक्ने समयको अभावले पेशागत अनुशासनमा समस्या उत्पन्न हुने गरेको अधिकांश सहभागी शिक्षकहरुले बताए ।

विद्यालयमा शिक्षण कार्य गरे बापत प्राप्त हुने तलब लगायतका अन्य सुविधाहरुले मात्र एउटा शिक्षकको आर्थिक जीवन धान्न कठिन हुने उनीहरुले बताए । एउटा शक्षक विद्यालय समयभन्दा बाहिरको समयमा कुनै न कुनै व्यापार, व्यवसाय, उच्च शिक्षा अध्यापन जस्ता क्रियाकलापहरु मार्फत आर्थिक उपार्जन हुने कार्यहरुमा संलग्न रहनु यसको बाध्यता हो भनी उनीहरुले बताए । मैले अनुसन्धान गरेका शिक्षकहरुको अवस्था पनि लगभग त्यस्तै पाइयो । यसले

गर्दा उक्त समयमा विद्यालय र बालबालिकाको पढाईका बारेमा सोच्ने, चिन्तन गर्ने, समयानुकुल बन्दै जाने जस्ता कार्यका लागि उनीहरुसँग समय नै नरहेको उनीहरु बताउँछन् । शिक्षणमा नवपवर्तनको प्रयोग गर्ने, सिर्जनात्मक सोच र क्रियाकलापहरुको विकास र विस्तार गर्ने समय नै नरहने गरेको उनीहरुले बताए । मैले अनुसन्धान कार्य सम्पन्न गरेका १५ जना शिक्षकहरुमा सात जनाले क्याम्पस तिर पनि अध्यापन गर्ने गरेको बताए । यसरी बाध्यतामूलक अत्याधिक व्यस्तताको कारणले सिर्जना गर्ने समयको अपर्याप्तता पनि शिक्षकको पेशागत अनुशासनमा समस्याहरु उत्पन्न गर्ने एउटा कारणको रुपमा उनीहरुले बताए ।

(५) विद्यार्थी संख्या, अध्यावधिकीकरण र अनुपयुक्त कार्य वातावरण

मेरो अध्ययन क्षेत्रभित्र रहेका छ वटा विद्यालयहरुमा एउटा कालीस्थान माध्यमिक विद्यालयमा बाहेक अन्य पाँचवटा विद्यालयहरुमा सहभागी शिक्षकहरुले पठनपाठन गर्ने हरेक कक्षाकोठाभित्र ६० जनाभन्दा बढी विद्यार्थीहरु अध्ययनरत् पाइयो । शिक्षा नियमावलीले यस सन्दर्भमा तोकेको एक शिक्षक बराबर ४० विद्यार्थी (तराईका लागि) को सीमाभन्दा यो धेरै उच्च रहेको देखियो । फेरि प्रायः सबै शिक्षकले दैनिक पाँचवटा पिरियडहरु पढाउने गरेको पाइयो । औसत विद्यार्थी संख्या ५० मान्दा पनि प्रत्येक शिक्षकले प्रत्येक दिन ५०×५= २५० जना विद्यार्थीहरुलाई पठनपाठन गर्ने गरेको पाइयो जसले गर्दा गृहकार्य चेक गर्ने समय पनि शिक्षकलाई कति रहन्छ ? दुई पिरियड अथवा लगभग असी मिनेटको समय बाँकी रहन्छ । त्यो सुस्ताउने समय, थकाई मार्ने समय, आराम गर्ने समय अथवा पुनतार्जगी हुने समयमा पनि के शिक्षकले काम गरिरहन सक्छ ? यदि काम गर्नु नै हो भने पनि पेशागत रुपमा कुन हदसम्म अनुशासनबद्ध भएर (यहाँको सन्दर्भमा भन्नुपर्दा गृहकार्य चेक गर्ने कार्य कतिको इमान्दारपूर्वक गर्न सक्छ ?) उसले सो काम गर्न सक्छ ? यस्ता प्रतिक्रियाहरु सहभागी शिक्षकहरुबाट प्राप्त भयो । यसका अतिरिक्त शैक्षिक सामग्री यदि निर्माण गरिएको अवस्थामा नै छ भने पनि त्यसको प्रयोग गर्ने समय नभएको, सुचना र प्रविधि जस्तै कम्प्युटर प्रोजेक्टरको प्रयोग गर्ने समय नभएको, सबै विद्यालयहरुमा प्रदर्शन टेबुलको व्यवस्था नभएको कारणले यस्तो अवस्थामा शैक्षिक सामग्रीको प्रयोग गर्न नसकेको उनीहरु बताए ।त्यसैले एउटा कक्षाकोठा भित्र अत्याधिक विद्यार्थी संख्या हुनु, अत्याधिक पिरियड संख्या

हुनु र शैक्षिक सामग्री प्रदर्शनका लागि वातावरण उपयुक्त नहुनु जस्ता कारणले पनि पेशागत अनुशासन कायम राख्न समस्या परेको शिक्षकहरुले बताए। तर मैले अध्ययन गरेको सबै विद्यालयहरुमा विद्यार्थीको चाप बढी रहेको र शिक्षकहरुले सामान्यतः ५ पिरियडसम्म पढाउने गरेको पाइयो तर सबै विद्यालयहरुमा कम्प्युटर राखिएको पाइएता पनि उक्त कम्प्युटर शिक्षकका लागि नभएर विद्यालयका लागि काम गर्ने प्राविधिकका लागि मात्र व्यवस्था गरेको पाइयो ।

(६) दण्ड र पुरस्कारको प्रभावकारी कार्यान्वयन नहुनु

काम गर्ने पुरस्कृत नहुनु र काम नगर्ने दण्डित नहुने बरु उल्टो हुने, विद्यालय प्रशासनको यस्तो संस्कृतिले शिक्षक काम प्रति उत्प्रेरित नहुनु र पेशागत रुपमा अनुशासित समेत नहुने तथ्य शिक्षकहरुले बताए ।

अझ विस्तृत र प्रष्टरुपमा भन्नुपर्दा कति शिक्षकहरुले पढाउने र विद्यालयमा अनुशासन कायम गर्ने कुरामा लापरबाही गर्दा पनि उनीहरुलाई दण्डित नगर्ने, त्यसप्रति आँखा चिम्लने तर पूर्वाग्रह राखेको शिक्षकले राम्रो काम गर्दा पनि प्रशंसा, तारिफ र पुरष्कृत गर्ने काममा कञ्जुस्याइ गर्ने र शिक्षक पुरष्कृत गर्दा कार्य सम्पादनलाई आधार नमानेर मनोमानी ढङ्गले हचुवाको भरमा आफूलाई मनपर्ने शिक्षकलाई उत्कृष्ट शिक्षक भनी पुरष्कृत गर्ने प्रवृत्ति देखिएको समेत केही शिक्षकहरुले बताए । यसरी दण्ड र पुरस्कारको उचित र प्रभावकारी कार्यान्वयन हुन नसक्दा त्यसले पेशागत अनुशासन कायम गर्नमा समस्या उत्पन्न गरेको अनुभव सहभागी शिक्षकहरुले प्रकट गरेको पाइयो ।

(७)विद्यार्थीको प्रवेश व्यवहार (पूर्वज्ञान)

सहभागी शिक्षकहरुमा नौ जनाशिक्षकले गणित, विज्ञान र अंग्रेजी जस्ता कठिन विषयहरुको पठनपाठन गर्ने गरेको पाइयो । आफूले पढाउने विषयमा अधिकांश विद्यार्थीहरुको पूर्व ज्ञानको अवस्था एकदमै कमजोर, अपर्याप्त र न्यून भएकाले अगाडिको कोर्ससँगसंयोजन गर्न अप्ठ्यारो भएको कुरा शिक्षकहरुले बताए । यसले शिक्षकहरुमा पूर्वज्ञानको अवस्था समेत विकसित गर्नुपर्ने थप कार्यभार समेत वहन गर्नुपर्ने अवस्था रहने तर त्यतापटि समय खर्चिदा निर्धारित समयमा कोर्स समाप्त हुन नसक्ने समस्या रहेको बताए । समयमा कोर्स समाप्त

गर्न नसक्नु पनि पेशागत रुपमा शिक्षकले अनुशासन कायम गर्न नसकेको नै हुने हुँदा सिकारुको पूर्व ज्ञानको कमजोर र अपर्याप्त स्थिति पनि समस्या उत्पन्न गराउने परोक्ष कारण भएको सहभागी शिक्षकहरुले बताए ।

यसका अतिरिक्त अन्य कारणहरुमा देशको राजनीतिक अवस्था स्थिर र सुदृढ नहुनु, शिक्षक पेशा (आर्थिक रुपमा) आकर्षक, लोभलाग्दो हुन नसक्नु, अभावै अभावमा शिक्षकले सधैं जिउनुपर्ने, सामाजिक मर्यादा र सम्मान पर्याप्त नहुने विद्यार्थीहरुको हासोन्मुख चरित्र, छाडापन, विद्यालय प्रतिको उदासिनता, शिक्षकलाई बालमनोविज्ञानको अपर्याप्त ज्ञान जस्ता कुराहरु पनि शिक्षकको पेशागत अनुशासनमा समस्या उत्पन्न गर्ने कारणहरु हुन् भनी सहभागी प्र.अ. र शिक्षकहरुले बताए ।

## ४.४ माध्यमिक विद्यालय तहकाशिक्षकहरुको पेशागत अनुशासन कायम राख्ने उपायहरु

आफ्नो विद्यालयमा कार्यरत सहभागी शिक्षकहरुको पेशागत अनुशासनलाई कायम राख्न उक्त विद्यालयसँग सरोकार राख्ने सम्बद्ध सबै पक्षहरुले अवलम्बन गरेका उपायहरु के के छन् ? अनुसन्धानको अन्तिम चरणमा तिनको पहिचान गर्ने प्रयास गरियो । यसका लागि प्र.अ., वि.व्य.स. अध्यक्ष, पि.टि.ए.अध्यक्षलाई प्रश्नावली मार्फत जिज्ञासा राखियो साथै विद्यालयमा उपलब्ध डकुमेन्टहरुबाट संकलन गर्ने र त्यसको ढाँचा (अनुसूची १४ मा दिइएको छ) तैयार पारी तथ्यांक संकलन गर्ने कामहरु सम्पन्न गरियो । तथ्यांक संकलनका यी सबै साधनहरुको प्रयोगबाट प्राप्त तथ्यांकहरु यसप्रकार पाइयो ।

### ४.४.१ विद्यालय प्रशासनद्वारा अवलम्बन गरिएका उपायहरु

शिक्षकहरुले पालना गर्नुपर्ने आचार-संहिता कार्यालयको भित्तामा टाँस गरिएको । वार्षिक कार्य विभाजन गरी विभिन्न विषयगत समितिहरु निर्माण र कार्यान्वयन गरिएको विषयगत समितिहरुमा सहभागी शिक्षकहरु मध्ये कसैलाई सदस्य त कसैलाई संयोजकको जिम्मेवारी दिइएको । शिक्षकको अनुशासन र कार्यसम्पादनका बारेमा टिप्पणी गर्न सरोकारवालाहरु जोसुकैका लागि सुझाव पेटिका राखिएको (केही विद्यालयहरुमा मात्र) ।ल आचारसंहिताको कार्यान्वयन गरेको वा नगरेको वा सन्तोषजनक ढंगले गरे नगरेको इत्यादिका बारेमा समय समयमा प्र.अ.ले कक्षाकोठाको प्रत्यक्ष वा अप्रत्यक्ष अवलोकन गर्ने गरेको । आचारसंहिता पालना गरे नगरेको, के कति, कसरी गरेको भन्ने बारेमा

प्र.अ.ले गोप्यरुपमा अनौपचारिक रुपबाट सहभागी शिक्षकले पढाउने विद्यार्थीहरुसँगसोधपूछ, छलफल र अर्न्तक्रिया बेलाबखत गर्ने गरेको । लक्षित शिक्षकलाई प्र.अ.ले समय समयमा आवश्यकता अनुसार सल्लाह, परामर्श र पृष्ठपोषण प्रदान गर्ने गरेको । कुनै कुनै विद्यालयमा वर्षमा एकचोटि एउटा शिक्षकलाई सर्वोत्कृष्ट शिक्षक भनी पुरस्कृत गर्न वि.व्य.स.लाई सिफारिस गर्ने गरेको । उपल्लो शैक्षिक निकायले माग गरेको अवस्थामा वृत्ति विकासका लागि प्र.अ.ले शिक्षकलाई तालिम, गोष्ठि, सेमिनार, परीक्षा संचालन, उत्तरपुस्तिका परीक्षण वा अन्य कुनै अवसरहरुमा सहभागी बनाई पठाएको । एस.एल.सि.को उत्तरपुस्तिका परीक्षणमा सहभागी गराएको । स्टाफ मिटिंगको आयोजना गरी शिक्षकहरुलाई पेशागत अनुशासनका निमित्त बारम्बार सल्लाह, परामर्श दिदैं सचेत गराएको । अभिभावक भेला, आमा भेला जस्ता भेलाहरुको आयोजना गरी शिक्षकहरु प्रतिको धारणा बुझ्ने प्रयास गरेको, गुनासोलाई सकारात्मक र स्वाभाविक रुपमा लिएको । समयमा विद्यालयमा उपस्थित नहुने र स्कुलबाट छिटै हिँड्ने शिक्षकलाई त्यसो नगर्न सतर्क गराएको ।

### ४.४.२ वि.व्य.स.र पि.टि.ए.द्वारा अवलम्बन गरिएका उपायहरु

विद्यालय प्रशासनको सिफारिस बमोजिम वर्षको उत्कृष्ट शिक्षकलाई पुरष्कृत गर्ने गरेको । पेशागत अनुशासन सम्बन्धी शिक्षकका बारेमा प्र.अ. मार्फत गुनासो व्यक्त गर्ने गरेको । राम्ररी कार्य सम्पदन गर्ने शिक्षकलाई प्रशंसा गर्ने गरेको । यदाकदाछड्के चेक जाँच गर्ने गरेको । शिक्षक, अभिभावक र वि.व्य.स.अथवा पि.टि.ए.को संयुक्त भेलाहरुमा शिक्षकको पेशागत अनुशासन कायम राख्ने सम्बन्धमा सल्लाह, परामर्श र सुझावहरु प्रदान गर्ने गरेको । परीक्षाहरुको अनुगमन गर्ने गरेको ।विद्यालयमा कम्प्युटरको व्यवस्था गरेको । चक र कालोपार्टीको सट्टा सेतोपार्टी र मार्करको प्रयोग बढाएको । पूर्व विद्यार्थीहरुको पुनर्मिलन कार्यक्रमको आयोजना गरी उनीहरुलाई सम्मान गर्दै पेशागत अनुशासन कायम राख्नका लागि आवश्यक भौतिक र आर्थिक सहयोग जुटाउने प्रयास गरेको ।सामान्य कार्यमा अतिरिक्त थप कार्य गर्ने शिक्षकलाई अतिरिक्त पारिश्रमिक र सुविधा प्रदान गरिएको ।विद्यालय परिसरमा इट र सिमेन्टको पर्खाल लगाई घेराबारा गरिएको । विद्यालय हाताभित्र मद्यपान, धुम्रपान नि:षेध गरिएको ।

### ४.४.३ माथिल्लो शैक्षिक निकायद्वारा अवलम्बन गरिएका उपायहरु

स्रोत व्यक्ति र वि.नि.द्वारा बेलाबेला विद्यालयको अनुगमन गर्ने गरेको । आवश्यकता अनुसार प्र.अ.लाई पेशागत अनुशासन कायम राख्ने, राख्न लगाउने सम्बन्धमा सल्लाह, सुझाव र परामर्श प्रदान गर्ने गरेको । विद्यालयका कतिपय कार्यक्रमहरुमा सहभागी भई शिक्षकहरुलाई सल्लाह, सुझाव र मार्गनिर्देशन गर्ने गरेको । तालिम र विभिन्न वृत्ति विकास अवसरहरुमा शिक्षकहरुलाई सहभागी गराउने गरेको । एस.एल.सि.को उत्तरपुस्तिका परीक्षणमा सहभागी गराउने गरेको । तालिमको प्रमाण पत्र प्रदान गरी बढुवा प्रयोजनमात्यसबापत अंक दिने व्यवस्था गरेको ।

### ४.४.४ अभिभावकद्वारा अवलम्बन गरिएका उपायहरु

भेला, सभा, समारोहमा चित्त नबुझेका कुरामा गुनासो र असन्तृष्टि प्रकट गर्ने गरेको । आफ्ना छोराछोरी मार्फत शिक्षकको पेशागत अनुशासनको स्थितिका बारेमा जानकारी लिई आवश्यकता अनुसार सम्बन्धित ठाउँमा उजुरी गर्ने गरेको ।

### ४.४.५ भूतपूर्व विद्यार्थीहरुद्वारा अवलम्बन गरिएका उपायहरु

विद्यालय प्रशासनले आयोजना गरेको भूतपूर्व विद्यार्थीहरुको भेलामा उनीहरुले विद्यालयको भौतिक व्यवस्थापनमा सहयोग गर्न नगद तथा जिन्सि सामग्रीहरु प्रदान गर्ने गरेको पनि कुनै कुनै विद्यालयमा पाइयो । भेलाको अवसरमा मन्तव्य दिने क्रममा आफ्नो पालामा र अहिलेको अवस्थामा उनीहरुले अनुभव गरेको शिक्षकको पेशागत अनुशासनको स्तर र अवस्था बीचको फरक देखाउँदै अनुशासनको स्तर खस्केको बताउने गरेको र त्यसमा सुधारकानिमित्तआवश्यक सल्लाह, सुझाव र परामर्शहरु प्रदान गरेको पाइयो । यसरी आफूले पढेको विद्यालयलाई माया गरेर विद्यालयको हीत र उत्तरोतर प्रगति र सफलताको लागि विद्यालयमा शिक्षकहरुको पेशागत अनुशासनको सुदृढस्थिति कायम गर्नुपर्ने कुरामा चासो र चिन्ताहरु व्यक्त गर्ने गरेको समेत पाइयो ।

### ४.४.६ सहभागीशिक्षक स्वयंद्वारा अवलम्बन गरिएका उपायहरु

घरमै ल्यापटप वा डेस्कटप कम्प्युटर राखी शिक्षण सामग्रीहरु निर्माण गर्ने प्रयास गरेको । पाठ्यपुस्तकका अतिरिक्त हेण्डआउट र सन्दर्भ सामग्रीहरु आफैले निर्माण समेत गरेर अद्यावधिक हुने प्रयास गरेको पनि कतै कतै पाइयो । स्वस्थप्रतिस्पर्धाको भावनाले पठाउने गरेको पनि पाइयो ।

### ४.४.७व्यक्ति विशेषद्वारा अवलम्बन गरिएका उपायहरु

सल्लाह, सुझाव र परामर्श दिने । विद्यालयमा अनुशासनको स्थिति र प्रगतिका बारेमा पत्रपत्रिकामा लेख, रचना प्रकाशित गरी सर्तक गराई दिने । राम्रो काम गर्ने शिक्षकलाई प्रशंसा गर्ने ।

### ४.४.८ तथ्यांकको विश्लेषण र व्याख्या

कुनै चिज प्राप्त गर्न जति कठिन हुन्छ पाइसकेपछि त्यसलाई थामेर राख्न त्यो भन्दा बढी गाह्रो हुन्छ । त्यस्तै नीति - नियम बनाउन जति गाह्रो हुन्छ त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी सफल पार्न त्यो भन्दा पनि गाह्रो र चुनौतिपूर्ण हुने कुरा शिक्षक, प्रधाअध्यापकहरुले बताएका छन् । जस्तो कि माथि आचारसंहिता बनाएर विद्यालय भवनको भित्तामा टाँसेर मात्र हुँदैन । त्यसको अवलम्बन, कार्यान्वयनर आधिकारिक पक्षबाट कार्यान्वयनको अनुगमन गर्न पनि उत्तिकै जरुरी हुन्छ । अनुशासन भन्ने कुरा बेलाबखत, आक्कलझुक्कल मात्र लागु गर्नुपर्ने कुरा होइन । त्यो निरन्तर रुपमा पालना गर्नुपर्ने कुरा हुन्छ । त्यसकारण शिक्षकको पेशागत अनुशासनलाई कायम गर्न अवलम्बन गरिएका माथिका उपायहरु यदि प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमन गरिए मात्र तिनको सार्थकता रहन्छ भन्ने कुरा सहभागी शिक्षक, प्रधानअध्यापकहरुले बताए ।

### ४.९.९ तथ्यांकको विश्वसनीयता र वैधता

प्रस्तुत अनुसन्धान कार्यमा प्राप्त तथ्यांकहरुको विश्वसनीयता परीक्षण गर्न लगभग एकै प्रकृतिका तथ्यांक संकलनका ढाँचा तयार गरी भन्नाले तथ्यांकको विषयवस्तु एउटै हुने गरी कक्षा अवलोकन र विद्यार्थीहरु माथि रुजुसूचीको प्रयोग गरिएको छ । शिक्षकलाई प्रश्नावली र अर्न्तवार्ता लिने क्रममा पनि यस्तै प्रक्रिया अपनाइएको छ । दुवै अवस्थामा प्राप्त नतिजाहरु धेरै हदसम्म मिल्दोजुल्दो र समान पाइयोछ । यसका अतिरिक्त मूल्यांकनका केही साधनहरु एउटै व्यक्ति माथि एकभन्दा बढी पटकसम्म प्रयोग गरी प्राप्त तथ्यांकको आधारमा विश्वसनीयता कायम गर्ने काम गरिएको छ । त्यस्तै प्राप्त तथ्यांकहरुले उद्देश्य प्राप्तिमा सन्तोषजनकरुपले सहयोग पुऱ्याएको छ ।

# परिच्छेदपाँच

# निष्कर्ष र सुझावहरु

यस शोध पत्र अध्ययनको उद्देश्य पूरा गर्न सक्ने क्षमता र प्रकृतिका सूचनाहरु संकलन गर्ने क्रममा प्रश्नावली, अर्न्तवार्ता, कक्षाकोठा अवलोकन, रुजुसूची र विद्यालयको दस्तावेज अध्ययन (डकुमेन्ट अध्ययन) आदिका आधारमा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिरको कामको दौरानमा शिक्षकले कायम राखेको पेशागत अनुशासनको अवस्थाको स्थिति पत्ता लगाउने, पेशागत अनुशासनमा समस्या उत्पन्न हुने कारणहरुको पहिचान गर्ने र उत्पन्न समस्याहरुको समाधानका लागि सम्बद्ध पक्षहरु अथवा सरोकारवालाहरुले अपनाएका वा अवलम्बन गरेका उपायहरु पत्ता लगाउने प्रयास गरिएको प्रस्तुत शोध पत्रबाट प्राप्त निष्कर्ष एवं सुझावहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

परिच्छेदचारमा गरिएको छलफलका आधारमा हात लागेका प्राप्तिहरु सकारात्मक र नकारात्मक दुवै रहेका छन् । जस्तोकी पहिलो उद्देश्यमा विद्यालयमा कार्यरत मा.वि.तहको शिक्षकको पेशागत अनुशासनको स्थिति पत्ता लगाउने प्रयास सुरु गर्नुभन्दा पहिले उक्त स्थितिको बारेमा जति गरिब भएर सोचिएको थियो अथवा जति गएगुज्रेको र दयनीय स्थितिको पूर्वानुमान गरिएको थियो, त्यस्तो पाइएन । तथ्यांकशास्त्रीय विश्लेषणले त्यस्तो देखाएन । जस्तो कि कक्षाकोठाको अवलोकनबाट प्राप्त निष्कर्षले पेशागत अनुशासनको उत्तम स्तर र स्थिति देखायो । रुजुसूचीको निष्कर्षले पनि कक्षाकोठाभित्र शिक्षकहरुको पेशागत अनुशासनको स्थिति ५१ प्रतिशत अति उत्तम देखाएको छ । केवल १२ प्रतिशतमात्र कमजोर स्थिति देखायो । जो थोरै चासो र प्रयासले नै सच्याउन र राम्रो पार्न सकिन्छ ।

अर्कातिर कक्षाकोठा बाहिरको स्थिति पनि ७० प्रतिशत उत्तम वा अति उत्तम देखियो र केवल १० प्रतिशत मात्र कमजोर स्थिति देखियो । सकारात्मक प्राप्ति धेरै रहयो । अलिकति सूचना प्रविधिको प्रयोग, शैक्षिक सामग्रीको निर्माण, प्रयोग र थप शिक्षण विधिहरु अवलम्बनको स्थिति मात्र कमजोर देखियो । अध्ययनबाट हात लागेको सबैभन्दा ठूलो प्राप्ति त के छ भने जुन जुन विषयवस्तु र सन्दर्भहरुमा माथि कमिकमजोरीहरु रहेको देखाइयो त्यसप्रति सहभागी शिक्षकहरु धेरै हद्सम्म सहमत रहेको पाइयो । आफ्नो कमिकमजोरी प्रति स्वीकारोक्ति गरेको) प्रकट गरेको पाइयो । घरैमा कम्प्युटर खरिद गरी स्वतस्फुर्त रुपमा

कम्प्युटर सिक्ने गरेको पाइयो भने एक, दुई शिक्षकहरु त कम्प्युटरमा अगाडि देखि नै दक्ष रहेको समेत पाइयो ।यसरी कतिपय शिक्षकहरु सूचना प्रविधिको प्रयोगमाअपडेट भइसकेको त कतिपयशिक्षकहरु अपडेट भइरहेको वा हुने प्रयास गरिरहेको समेत पाइयो । यो साह्रै सुखद् उपलब्धि भएको अनुभूत भएको छ । दोस्रो उद्देश्यमा पेशागत अनुशासनमा जो १० देखि १५ प्रतिशत सम्मको कमि कमजोरीहरु देखिन आएका छन् । त्यसका कारणहरु पत्ता लगाउने कोशिस गरियो । अनुसन्धानकर्ता प्रतिक्रिया दाताहरुसँग सँगै बसेर गरेको छलफल, अन्तरक्रिया र सौहार्द अर्न्तवार्ताका क्रममा पेशागत अनुशासन यति मात्रै पनि कमजोर हुनुमा पनि शिक्षकको दोष थोरै मात्र देखिएको छ । जसलाई भविष्यमा सच्याएर लैजाने प्रतिबद्धता उनीहरुले जाहेर गरे । परम्परागत मानसिकतामा परिवर्तन हुँदै गएको संकेत देख्न सकियो । यो पनि एउटा राम्रो प्राप्ति महशुस गरियो । तर पेशागत अनुशासन खस्कदै र कमजोर बन्दै जानुमा यस सन्दर्भमा माथि उल्लेख गरिएका बाह्य कारणहरु पनि उत्तिकै जिम्मेवार देखिन आएको पाइयो ।

अनुसन्धानको तेस्रो उद्देश्य समस्या समाधान तर्फ चालिएका सम्बद्ध पक्षहरुको कदमहरुको पहिचान गर्नु थियो । यसमा उपलब्ध स्रोत, साधनको यथार्थतामा टेकेर विद्यालय प्रशासन लगायत सरोकारवाला सबै पक्षहरुले धेरथोर चासो, चिन्ता र प्रयासहरु गरेकै देखियो । अनुसन्धानको क्रममा उनीहरु झन बढी उत्साहित भएर आएको देखियो । चासो र चिन्ता विगतको तुलनामा बढेर आएको देखियो । यो तेस्रो ठूलो र सकारात्मक प्राप्ति हो । यस्तो चासो, चिन्ता र नयाँ जागरुकता शिक्षकहरुमा प्रष्टै देखियो । विद्यालय हाम्रो हो र यसले प्रदान गर्ने सेवालाई समयानुकुल सम्वृद्ध बनाउँदै लैजानु हाम्रो प्रमुख दायित्व हो भन्ने भावना उदघाटित भएको पाइयो ।

यसरी शिक्षकहरुको पेशागत अनुशासनको विद्यमान स्थितिमा प्रस्तुत अध्ययनले केही तरंग उत्पन गरेको महशुस अनुसन्धानकर्तालाई भएको छ । यसतर्फ उनीहरु बढी जागरुक र रिफ्रेस भएको पाइयो । प्रस्तुत अध्ययनको समग्र प्राप्ति यसैलाई मानिएको छ । आखीर समस्याको कारण हामी नै हौंभने समस्याको समाधान पनि हामी नै हौं त्यसकारण सकारात्मक चासोर चिन्ता लिएर प्रयासहरुलाई समेत अगाडि बढाउँदा जीवनका अन्य क्षेत्रमा जस्तै यस दिशा तर्फ पनि धेरै सुधारहरु गर्न सकिने रहेछ भन्ने निष्कर्षमा अनुसन्धानकर्ता पुगेको छ ।

## ५.२ सुझावहरु

कक्षाकोठाभित्र अध्यापन गरिरहेको अवस्थामा र कक्षाकोकोठा बाहिर समेत शिक्षकले प्रदर्शन गर्ने पेशागत अनुशासनसम्म सम्बद्ध अनुकुल र राम्रो व्यवहारहरुलाई उत्साहित गर्न र नराम्रा व्यवहारहरुलाई निरुत्साहित गरी राम्रो व्यवहारमा रुपान्तरण गर्न विभिन्न तत्वहरुको अथवा पक्षहरुको भूमिका रहन सक्छ । जस्तो प्र.अ./प्राचार्य, विद्यार्थीहरु, वि.व्य.स, पि.टि.ए., माथिल्ला शैक्षिक निकायहरु स्वयं राज्य, विभिन्न संघ संस्था र सामाजिक संगठनहरु, शिक्षाविद्, स्वयं शिक्षक, राजनीतिक व्यक्तिहरु इत्यादि विविध पक्षहरुको आ-आफ्नै प्रकारको विशिष्ट भूमिका रहन सक्छ । शिक्षक पनि एउटा मान्छेहो । मान्छेबाट गल्तिहरु, कमिकमजोरीहरु हुनसक्छन्, बेइमानी र भ्रष्टाचार पनि हुनसक्छ । वास्तवमा केही नगर्नेले मात्र कुनै गल्ती नगर्ने हो । दिनहुँ उलेख्य संख्यामा कलिला बालबालिकाहरु अझ भन्दा भविष्यका यो समाज र देशका कर्णधारहरुका सुनौलो र उज्ज्वल भविष्यको बाटो कोर्ने गहन जिम्मेवारी लिएर रातदिन काम गर्ने शिक्षकहरुबाट पनि काम गर्ने क्रममा गल्ती कमिकमजोरीहरु हुनु स्वाभाविकै हो । यो मानवीय स्वभाविकताबाट अलग्ग रहेर नियतवश नै गल्ती गर्छ कुनै शिक्षकले भने त्यो गल्ती नभएर अपराध हुन्छ । गल्तीलाई सच्याउनु पर्छ, सुधार्नु पर्छ, त्यसका लागि आवश्यक सल्लाह, सुझाव, परामर्श, पृष्ठपोषण, मार्गदर्शन, अवसर प्रदान गर्नु र तालिम दिनुपर्ने हुन्छ । तर अपराधलाई त दण्डित गर्नुपर्ने हुन्छ । मेरो अध्ययन क्षेत्रमा यो पछिल्लो स्थिति (आपराधिक स्थिति) बिल्कुल देखिएन ।

मैले वा हामीले वा हाम्रो पक्षले कुनै अमुक शिक्षकको पेशागत अनुशासनसँग सम्बद्ध कुन व्यवहार के कति हदसम्म र कसरी सच्याएर कस्तो बनाउनुपर्दछ भन्ने कुराको सर्वप्रथम निर्क्यौल अथवा एकीन गरी निजलाई सकारात्मक सल्लाह, सुझाव र कुनै पनि प्रकारको सहयोग सुधारकर्ता पक्षले प्रदान गर्नुपर्दछ । कुनै आग्रह, पूर्वाग्रह र दुराग्रह नराखी यस्ता दायित्वहरु पूरा गरिनुपर्दछ । यस्ता सुझावका रुपमा नीतिगत तह, कार्यान्वयन तह र अनुसन्धान तहलाई समेत समेटेर अध्ययन पूरा गर्ने प्रयास गरिएको छ ।

### ५.२.१ नीतिगत तह

यस सन्दर्भमा शैक्षिक नीति निर्माताहरुले निम्न प्रकार र प्रक्रियाहरु समावेश गर्न सकिने नीति र नियमहरुको तर्जुमा गर्नुपर्ने देखिन्छ ।

नीति महत्त्वाकांक्षी नभएरपुरा गर्न सकिने र व्यवहारिक हुनुपर्‍यो । नीतिल स्थानीय विशिष्ट परिवेश र सन्दर्भहरुलाई समेटेको हुनुपर्‍यो । व्यवहारिक रुपमा लागु गर्न सकिने नीति नियमहरु तर्जुमा गर्नुपर्‍यो । स्थानीय स्तरमा, विशिष्ट अवस्था र स्थितिमा पनि सफलता र कुशलतापुर्वक लागु गर्न सकिने र सकारात्मक परिणाम प्राप्त गर्न सघाउ पुर्‍याउन सक्ने समय, सन्दर्भ र वातावरण अनुकुल नीति निर्माण गर्नुपर्‍यो । नीति सामुहिक हितका लागि निर्माण गरिनु पर्‍यो । व्यक्तिगत हित र स्वार्थ पुरा गर्ने नभएर सिंगो शिक्षण संस्था, शिक्षण प्रक्रिया र पद्धतिमा सुधार गर्न ठोस सहयोग पुर्‍याउन सक्ने नीतिको तर्जुमा गर्नुपर्ने देखिन्छ । दण्ड केन्द्रित प्रकृतिको नभएर सुधार केन्द्रित र प्रजातान्त्रिक चरित्रको नीति निर्माण गर्नुपर्‍यो । सर्वमान्य र न्युनतम रुपमा सबैले पालना गर्न सक्ने नीतिहरु बनाउनु पर्‍यो । नीतिहरु शिक्षाको उपल्लो निकायमा रहेका शिक्षाविद, पाठ्यक्रमविद्, विषयविज्ञ, शिक्षा क्षेत्रमा लामो र पर्याप्त अनुभव हासिल गरेका व्यक्तिहरुले एकठाउँ भेला भई व्यापक छलफल र अर्न्तक्रिया गरेर कुनै ठोस निष्कर्षमा पुगेर नीतिको प्रार्दुभाव र विकास गर्नुपर्दछ ।

### ५.२.२ कार्यान्वयन तह

कार्यान्वयन तहमा क्रियाशिल पक्षहरुलाई निम्न सुझावहरु दिइन्छ । प्रस्तुत अनुसन्धान कार्यको क्षेत्रमा पेशागत अनुशासनको पक्षलाई कार्यान्वयन गर्ने पक्षहरुमा मुख्यत शिक्षक आफै हो । उसले आफुले आफैलाई अनुशासनको बाटोमा हिडाउँन सक्नुपर्‍यो । कर्तव्यबोध गर्नुपर्‍यो र आफ्ना कमिकमजोरीलाई महशुस गर्दै तिनलाई सुधार्नुपर्‍यो । दोस्रो महत्त्वपूर्ण सरोकारवाला पक्ष भनेको प्रधानअध्यापक हो । उनले आफ्नो काम, कर्तव्य र अधिकारको पूर्ण रुपमा सुदपयोग गर्नुपर्‍यो आफै पनि पेशागत रुपमा पर्याप्त हदसम्म अनुशासित रहनुपर्‍यो । आलोचना, दण्डलाई प्राथमिकता नदिएर भरिसके पुरस्कार र प्रशंसाको प्रजातान्त्रिक र मानवीय शैली अवलम्बन गरी आफ्ना मातहतका शिक्षकहरुलाई पेशागत रुपमा अनुशासित बन्नमा मद्दत गर्नुपर्‍यो । कार्यान्वयन तहको अन्य पक्षहरुमा विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघको भूमिका सशक्त, प्रभावकारी हुनुपर्‍यो । उनीहरु तलबी कर्मचारी नभएकाले त्यसैका आधारमा मनोबल गिराउने काम गर्नुभएन । उच्च आदर्श र मनोबलले प्रेरित भएर सकारात्मक सोच र भावना लिएर विद्यालयको र शिक्षकको गतिविधि र क्रियाकलापको निरन्तर अध्ययन र अनुगमन गरी उनीहरुलाई आवश्यक सल्लाह, सुझाव र परामर्श अनि अन्य विविध

सहयोग र मद्दत गर्दै रहनुपर्‍यो । यसका अतिरिक्त विद्यालय निरिक्षक, स्रोत व्यक्ति, गाउँ शिक्षा समिति, नगर शिक्षा समिति, जिल्ला शिक्षा कार्यालयहरुले पनि शिक्षकलाई पेशागत अनुशासनको बाटो हिड्न मानसिक, आर्थिक, भौतिक, प्राविधिक सबै प्रकारले मार्गदर्शन गर्नुपर्दछ । यि निकायहरु अझ बढि संवेदनशिल र जिम्मेवार बन्दै जानुपर्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

आंशिक आवश्यकता पूरा गर्ने सन्दर्भमा मैले माध्यमिक शिक्षकको पेशागत अनुशासनको अवस्था अध्ययन गर्ने क्रममा कक्षाकोठा भित्र र बाहिर दुवै तर्फको अनुशासनको अवस्था शीर्षकमा निहित रही शोधपत्र लेख्ने प्रयास गरेको छु । तर अन्य विषय जस्तो सामुदायिक विद्यालय र निजी विद्यालयको शिक्षकहरुको अनुशासनको अवस्था, निजि र सामुदायिक विद्यालयको वर्तमान शैक्षिक अवस्था सामुदायिक विद्यालयको स्तर खस्कनुको मुख्य चुनौति, प्रा.वि.तहका शिक्षकहरुको पेशागत अनुशासनको अवस्था, नि.मा.वि.तहको शिक्षकहरुको पेशागत अनुशासनको अवस्था आदि जस्ता विषयमा पनि शोधपत्र लेखन कार्य सम्भव हुनसक्ने भएकाले यस्ता विषय र शीर्षकहरुमा आगामी दिनहरुमा नयाँ नयाँ अध्ययनकर्ता मित्रहरुले अध्ययन र अनुसन्धान गर्न सक्ने सुझाव दिइन्छ ।

## सन्दर्भ सामग्री

अक्सफोर्ड एड्भान्स्ड लनर्स डिक्सनरी (२००५) : सातौं संस्करण ।

अधिकारी, डा.हेमाङ्गराज, ***प्रयोगात्मक नेपाली शब्दकोष,*** (२०६८), काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

कोइराला, विद्यानाथ, (२०६४) ***शिक्षँमा वैकल्पिक चिन्तन,*** टेकु, काठमाडौं : अफिस सपोर्ट सर्भिस सेन्टर छापाखाना प्रा.लि. ।

कोइराला, विद्यानाथ, (२०६७, पुस), ***के बन्ने : साक्षी कि शिक्षक ?,*** शिक्षक मासिक २४-२६ ।

खनाल, पेशल, (२०६८), ***शैक्षिक अनुसन्धान पद्धति,*** काठमाडौं : सनलाइट पब्लिकेशन ।

गीता सार, भाद्र (२०६९), योगी विकाशानन्द***, कक्षा शिक्षक तथा अवलोकन*** (२०७०) ।

जमरकट्टेल, बालकुमार, (२०६८), बैशाख, ***हाम्रा पाँच कमजोरी,*** शिक्षक मासिक, ४५-४६ ।

तामाङ, धनकुमार (२०७१०, ***कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्था,*** *शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, दोस्रो वर्ष ।*

नेउपाने, तीर्थबहादुर, (२०६८, माघ), ***सार्वजनिक शिक्षा*** : ***समस्या अनेक, समाधान एक,*** शिक्षक मासिक ४१-४२

विद्यालय तथ्याङ्क फाराम, (२०७२)

***शिक्षा ऐन,*** (२०२८) ***शिक्षा नियमावली*** (२०५९), संशोधित (२०६५), पुतली सडक, शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

शिक्षक उपस्थिति रजिष्टर, (२०७०)

***सेरिड, (२०६०), विद्यालय सहयोग सामग्री,*** सानोठिमी : भक्तपुर ।

त्रिपाठी, बासुदेव (२०६०), ***बृहत् नेपाली शब्दकोष,*** काठमाडौं : साझा प्रकाशन